## अध्याय - एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

मानव जिवनमा शिक्षाको ज्यादै ठूलो महत्व रहेको छ । शिक्षारुपि उज्यालो विनाको मानव जिवनको कल्पना समेत गर्न सकिन्न । व्यक्ति र समाजको चौतर्फि विकासको आधार शिक्षालाई मानिन्छ । प्राचिन समयका मानिसहरु शिक्षाप्राप्त गर्ने अवसरवाट वन्चित थिए , त्यसैले उनिहरुको जिवन कष्टकर थियो । समयको परिवर्तन संगै वर्तमान अवस्था सम्म आइपुग्दा मानव जिवनमा घेरै परिवर्तन आइसकेको छ ।जसलाइ शिक्षामा भएको  विकास र परिवर्तनको प्रतिफलका रुपमा लिन सकिन्छ ।

कोइराला र आचार्य(२०६१)का अनुसार शिक्षा मानव जीवनका लागि ज्यादै महत्वपूर्ण पक्ष हो । शिक्षा विनाको जीवन अन्धाकारमय हुन्छ, । व्यक्ति र समाजको विकासको मेरुदण्ड नै शिक्षा हो । शिक्षाले मानव जीवनमा आइपर्ने सम्पूर्ण समस्याहरू समाधान गर्न ठूलो सहयोग गरिरहेको हुन्छ । मानिसको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक पक्षको विकासका  लागि तथा मानव जीवनलाई सरल, सवल र संवृद्ध बनाउन शिक्षाले ठूलो सहयोग गरिरहेको हुन्छ  ।

दाहालका अनुसार नेपाल एक वहुजाति, वहुभाषिक, वहुसांस्कृतिक भएको धर्म निरपेक्ष राज्य हो । यहाँ, विभिन्न जातजाति, भाषा, भाषी, विभिन्न धर्म, संस्कृति, परम्परा भएका मानिसहरू मिलेर सदिऔं देखि बसोबास गर्दै आइरहेका छन् । सवैको साझा चौतारीको रूपमा विकास हुन कुनै एक दुई पक्षको विकास भएर मात्र पुग्दैन । सम्पूर्ण जातजातिको समान विकास हुनु पर्दछ । खासगरि शैक्षिक पक्षको विकास हुनु अति आवश्यक छ । यहाँका जातजातिहरू भनेका देश विकासका महत्वपूर्ण आधार हुन यिनीहरूको चौतर्फि विकास गर्न सकियो भने हाम्रो साझा घरको विकास सम्भव छ । जग बलियो भयो भने घर बलियो हुन्छ ( दहाल, २०६२) ।

नेपाल भित्र झापा, मोरङ्ग, सुनसरी जिल्लाका करिव २७ वटा गा.वि.स. र नेपाल वाहिर भारतको सिलिगिुडी, जलपाइगुडी र आसपासका क्षेत्रमा बसोबास गर्ने धिमाल जातिका मानिसहरूको नेपाल भित्र जम्मा जनसंख्या ३५००० छ । धिमाल जातीको बसोवास भएको मुख्य क्षेत्र झापा, मोरङ्ग, सुनसरी जिल्लालाई स्वायत्त धिमाल राज्य माग गर्ने क्रम सुरु भएको छ । (धिमालहरूको चौथो अधिवेशन २०६८ को प्रतिवेदन)

### १.२ जाति परिचयः

धिमाल पूर्वि नेपालको झापा, मोरग, सुनसरी जिल्ला मा छरिएर वसेका आदिवासी जनजाति मध्येको एक जाति हो । तराईका लिम्वुहरु भनेर चिनिने यो जातिको उद्गम स्थल झापा जिल्ला लाइ मानिन्छ । पूर्वी नेपालको पहाडी जिल्ला वाट तराई आएको  एक लिम्वु जातको व्यक्ति यहि वसोवास गर्न थालेको र समय बित्दैजांदा धिमालको अस्तित्वमा आएको विभिन्न लेखहरुमा उल्लेख गरिएको पाईन्छ । यिनिहरुको आफ्नो लिपि नभएको तर भाषा भने भएको कुरा उल्लेख गरिएको छ । नेपाल भित्र यिनिहरुको जम्मा संख्या ३५००० छ ।

Ukyab र Adhikari (056) का अनुसार नेपालको पूर्वी भागका झापा र मोरङ्ग जिल्लाका करिव २७ वटा गां.वि.स. मा बसोबास गर्ने आदिवासी जनजाति समूह मध्येको एक जाति जसको आफ्नै संस्कृति, भाषा, पोशाक र सामीजिक रहनसहन छ, जो लिम्बू समुदायमा पर्दछन्, तिनीहरूलाई धिमाल भनिन्छ यिनीहरूको मुख्य व्यवसाय खेती हो । पुरुषहरू ज्यालादारी र महिलाहरू रक्सी, जाँड बनाउने काम गर्छन् । सामान्य जीवन शैली भएका यिनीहरू प्रायः एकतले घर बनाई गाउँले वातावरणमा बस्छन् । पशुपालन मध्ये सुंगुर पालनमा विशेष जोड दिने गर्दछन् (पृ. २३) ।

गौतम र थापा मगरका अनुसार झापामा १३ र मोरङ्गमा १४ गा.वि.स.मा मुख्य बसोबास भएको धिमाल जातिहरू भारतको सिलिगुडी र जलपाईगुडी तथा आसपासका क्षेत्रहरूमा पनि बसोबास गर्छन् । प्रायः कालो वर्णका यिनीहरूलाई लिम्वूहरू के एउटा शाखाको रूपमा लिइन्छ । यस जातिको आफ्नै लिपि छैन देवनागरी लिपी नै प्रयोग गर्छन्, तर उनीहरूको आफ्नै भाषा छ । यस जातिको भाषालाई धिमाली भनिन्छ, जुन लिम्बु, राई र मगरको भाषाको मिश्रणबाट भएको पाइन्छ । प्रायः एकतले घर बनाई १०-१५ घर एकै ठाउँमा मिलेर बस्ने यिनीहरूको चलन छ घर वरपर सफा राख्ने लिपपोत गर्ने काम महिलाहरूले गर्छन्  (पृ. १६९)।

वृहत नेपाली शब्दकोष अनुसार पूर्वी नेपालको झापा र मोरङ्ग जिल्लाको सेरोफेरोमा वस्दै आएका लिम्वु जातिसँग मिल्दोजुल्दो एक जाति, जसको मातृभाषालाई धिमाली भनिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ( शर्मा, पेज ६५३) ।

विष्टको सबै जातको फूलवारीका अनुसार पूर्वी पहाडका लिम्बू जातिबाट खेतिपाती गर्न तराईमा आएको व्यक्ति जंगल फँडानी गरेर यतै बसोबास गर्न थालेको मानिसको सन्तानहरूलाई धिमाल भनिन्छ । धिमालहरूको उद्गम स्थल झापा जिल्लालाई मानिन्छ । अन्य जातिहरूको तुलनामा यो जाति शैक्षिक, आर्थिक, सामाजिक रूपमा पछि परेका देखिन्छन् भन्ने कुरा उल्लेख गरिएको छ  (पेज- १५२) ।

शारीरिक, मानसिक रूपमा सक्षम हुँदा हुँदै पनि सामाजिक, आर्थिक, शैक्षिक रूपमा पछि परेको यस जातिका मानिसहरूलाई प्रत्येक अवसरमा समान सहभागी गराई समाजको मुल धारमा समाहित गरेर यस समाजमा धिमाल जस्ता पछि परेका जातिका मानिसहरू पनि अन्य उच्च र हरेक दृष्टिकोणले सक्षम मानिसहरूसँग प्रतिस्पर्धा गर्न नसक्ने देखिएकोले कसरी यिनीहरूलाई सवल र सक्षम बनाउने भनि यो अध्ययन गर्न खोजिएको छ ।

१.३ अध्ययन क्षेत्रको परिचय

पूर्वी नेपालको मोरङ्ग जिल्लामा पर्ने उर्लाबारी गा.वि.स. भौगोलिक रूपले सुगम गा.वि.स. हो । महेन्द्र राजमार्गले छुने यो गा.वि.स. को पूर्वमा झापा जिल्ला पर्दछ भने दक्षिणमा मोरङ्गकै राजघाट गा.वि.स., पश्चिममा पथरी गा.वि.स., उत्तरमा मधुमल्ला गा.वि.स. र जाँते गा.वि.स. पर्दछन्  (केन्द्रिय तथ्यांक विभाग, २००१) । त्यस्तै शैक्षिक रूपमा हेर्दा यो गा.वि.स. निकै सवल देखिन्छ प्राविधिक शिक्षा प्रदान गर्ने मदन स्मृति प्रतिस्थान, स्नातकोत्तरसम्म पढाई हुने उर्लाबारी बहुमुखी क्याम्पस यस गा.वि.स.मा संचालित छन् । त्यस्तै १०+२ का  ४ वटा कलेज मा.वि. स्तरका २ वटा सामुदायिक र ७ वटा निजी विद्यालय, नि.मा. र प्रा.वि. स्तरका ८ वटा सामुदायिक र १० वटा निजी विद्यालयहरू संचालित छन् । त्यस बाहेक कम्प्यूटर सम्बन्धी र अन्य प्राविधिक शिक्षा प्रदान गर्ने इन्स्टीच्यूट पनि बजार तिर खुलेका पाइन्छन् । जसले यस भेगका जनताहरूलाई शिक्षा प्राप्त गर्न कठिन नहुने देखिन्छ  (स्थलगत रिपोर्टबाट) ।

जनसंख्याको दृष्टिकोणले मोरङ्ग जिल्लामा विराटनगर पछिकै दोस्रो ठूलो (बढी) जनसंख्या भएको गा.वि.स. हो । यहाँ २७००० जना मानिसहरू बसोबास गर्छन् ति मध्ये धिमालहरूको कुल जनसंख्या ३५०० छ, जुन जम्माको करिव १३  प्रतिशत हुनआउछ  । (गा.वि.स.बाट प्राप्त तथ्यांक) ।

१.४ समस्याको कथनः

नेपालको शैक्षिक विकासक्रम लाइ हेर्दा प्राचिन समय देखि विस्तारै विस्तारै अघि वढेको पाइन्छ । विभिन्न समयमा विभिन्न समिति र आयोगहरु गठन गरि शैक्षिक अवस्थालाई सुधार र परिमार्जन गर्ने प्रयासहरु भएको पाईन्छ यसरी परिवर्तन हुदैजांदा हालको अवस्था सम्म आइ पुगेको हो ।संवैधानिक व्यवस्था अनुसार आफ्नो मातृभाषामा शिक्षा पाउने अवसर , माद्यमिक तह सम्म नि शुल्क पढ्नपाउने व्यवस्था र प्रतेक समूदायलाई आ आफ्नो भाषा लिपि र संस्कृतिको संरक्षण र प्रयोग गर्ने अधिकार भएकोले सवै नागरिकहरुले शिक्षा प्राप्त गर्नसक्ने अवस्था देखिन्छ ।

आजको समाज परिवर्तनशिल छ । हरेक मिनेट वा हरेक घण्टामा नयाँ नयाँ कुरा देख्न र सुन्न पाइन्छ । आधुनिक विज्ञानका चमत्कार, नयाँ नयाँ आविस्कारहरू सवै मानिसहरूले उपयोग गर्न पाउनु उनीहरूको अधिकार हो । जसका लागि हरेक व्यक्ति शिक्षित हुनुपर्दछ, ति हरेक नयाँ कुरा आफ्नो जिवनमा अपनाउन शिक्षाको उज्यालोबाट प्रत्येक व्यक्तिले बञ्चित हुनु हुँदैन (शाह, २०६३) ।

सन् १९९० मा थाइल्याण्डको जोमतिनमा भएको विश्व घोषणा पत्रको अवधारणालाई सन् २००० मा सेनेगलको डकार सम्मेलनले पुनः जीवन प्रदान गऱ्यो । जसमा सवैका लागि शिक्षा' को १५ वर्षे (सन् २०१५ सम्म) लक्ष्य पूरा गर्न विभिन्न राष्ट्रहरूले प्रतिवद्धता जाहेर गरे । जसले ६ वटा मुख्य लक्ष्य लिएका छन्, जसमध्ये पिछडिएका, महिला, आदिवासी, जनजाति, अपाङ्गहरूलाई क्षमता अनुसारको शिक्षा प्रदान गर्ने लक्ष्य लिएको देखिन्छ (प्रा.स. २०५९, पेज ११४) ।

शिक्षा एक सामाजिक प्रक्रिया हो । हाम्रो देशका प्रत्येक नागरिकलाई शिक्षा प्राप्त गर्ने अधिकार छ तर सदियौं देखि यसै देशमा बसेका विभिन्न जातिका मानिसहरू हालसम्म पनि शिक्षा प्राप्त गर्ने अधिकारबाट बञ्चित छन् । ति मध्ये धिमाल जातिका बालबालिकाहरूको शैक्षिक अवस्था कमजोर हुनका पछाडि के के कारण छन् भनि खोज्ने प्रयास गरिएको थियो । खासगरी निम्न समस्याहरूबारे अध्ययन गर्ने प्रयास गरिएको थियो ।

(१) प्राथमिक तहका धिमाल बालबालिकाहरूको शैक्षिक अवस्था र समस्याहरूको पहिचान गर्नु ।

(२) अभिभावक र विद्यार्थीहरूको शिक्षा प्रतिको धारणा के कस्तो छ? मूल्यांकन गर्नु ।

(३) अभिभावक र विद्यालय परिवारको भूमिका र प्रयास के कस्तो छ? पहिचान गर्नु ।

उपरोक्त समस्यामूलक प्रश्नहरूमा केन्द्रित रहि यस अध्ययनको शीर्षक “प्राथमिक तहका धिमाल वालवालिकाहरूको शैक्षिक अवस्था” राखिएको हो ।

## १.५ अध्ययनको औचित्यः

शिक्षाको राष्ट्रिय उद्देश्यले सवैजातका वालवालिकाहरु लाई समान स्तरको शिक्षा प्रदानगर्ने र सवैलाई राष्ट्को मुलधारमा समायोजन गर्ने उद्देश्य राखेको पाईन्छ । तर कार्यान्वयनको अभावमा समाजमा पछि परेकाहरुको शैक्षिक अवस्था कमजोर देखिन्छ ।

हाम्रो समाज विभिन्न जातजाति, धर्म, वर्ण, संस्कृति भएको साझा फूलवारी हो । यस फूलवारीमा कुनै फूल राम्ररी फूलेका देखिन्छन् भने कतिपय फूलहरू बढ्ने हुर्कने उचित वातावरण नपाई राम्ररी फूल्न फल्न सकेका छैनन् । साझा फूलवारी भित्र उपर्युक्त वातावरण नपाएर राष्ट्रले समाजले अवसर नदिएर समाजका हरेक क्रियाकलापमा पछि परेका समुदाय मध्ये धिमाल समुदाय पनि एक हो । उनीहरूलाई समाजका हरेक क्रियाकलापमा सहभागी गराउन सर्वप्रथम त शिक्षा प्रदान गर्नुपर्छ । व्यक्ति शिक्षित भएमा क्रमशः हरेक कुरामा उनीहरू समावेश हुँदै उन्नतिको बाटोमा अघि बढ्न सक्छन् ।

व्यक्तिको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक विकास गर्न सर्वप्रथम शैक्षिक विकास गर्नु पर्छ भन्ने कुरामा दुई मत छैन । यस अध्ययनको औचित्य भनेको धिमाल बालबालिकाहरूलाई शैक्षिक प्रक्रियामा सक्रिय सहभागि कसरी गराउन सकिन्छ भनि अनुसन्धान गर्नु हो । समाजले समाजमा पछि परेका सदस्यहरूलाई शिक्षामा समान सहभागी कसरी गराउने भनि खोज्नु, समस्या समाधानका क्रियाकलाप गर्नु सवैका लागि शिक्षा (Education for all) भन्ने विश्वव्यापी नारालाई हाम्रो समाजमा पूर्ण रूपमा लागू गर्न सम्बन्धित निकायलाई सहयोग गर्नु नै अध्ययनको औचित्य रहेको थियो ।

## १.६ अध्ययनको उद्देश्यः

कुनै पनि अनुसन्धान सम्पन्न गर्न निश्चित उद्देश्यहरू लिनु पर्दछ । उद्देश्यहरूले उक्त अध्ययनको सुरुवात गर्न, व्याख्या विश्लेषण गर्न, निष्कर्षमा पुग्न तथा सामान्यिकरण गर्न ठूलो सहयोग पुग्छ प्राथमिक तहका धिमाल बालबालिकाहरूको शैक्षिक अवस्था बारे गरिने अध्ययनका निम्न उद्देश्यहरू राखिएका थिए ।

(क) विद्यालय जाने विद्यार्थीहरूको शैक्षिक क्रियाकलापमा सहभागिता र शैक्षिक उपलब्धीको लेखाजोखा गर्नु ।

(ख) विद्यालय नजाने विद्यार्थीहरूका शैक्षिक क्रियाकलापमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्नु ।

(ग)अभिभावक र विद्यालय परिवारको प्रयास के कस्तो छ? केलाएर हेर्नु ।

१.७ अनुसन्धान प्रश्नहरू:

कुनै अनुसन्धान शुरु गर्नुपूर्व के के कुराहरूको खोजि गर्नु पर्ने हो निश्चित गर्नु राम्रो हुन्छ । अन्यथा अनुसन्धानको घेरा अनिश्चित भई धेरै श्रम गर्नु पर्ने हुन्छ । साथै निष्कर्ष निकाल्न कठिन हुन्छ । अनुसन्धानका उद्देश्यहरू पूरा गर्न निम्न अनुसन्धान प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

(१) विद्यालय जाने विद्यार्थीहरूको शैक्षिक सहभागिताको अवस्था र तिनीहरूको अनुशासन कस्तो छ?

(२) विद्यालय नजाने विद्यार्थी संख्या के कति छ? के कारणले विद्यालय नगएका हुन्?

(३) विद्यालय परिवारको भूमिका, शिक्षण सिकाई क्रियाकलाप मूल्यांकन परिपाटी, शैक्षिक सामग्रीको प्रयोग के कस्तो छ ।

(४) उपस्थिति, कक्षाकार्य, गृहकार्यको अवस्था के कस्तो छ

(५) वालवालिकाहरुको शैक्षिक उपलव्धी स्तर के कस्तो छ

१.८ अध्ययनको सिमाङ्कन

जुनसुकै अध्ययन अनुसन्धान गर्दा निश्चित परिधि भित्र रहेर गर्नु पर्दछ, जसका लागि अध्ययनको क्षेत्र, नमूना जनसंख्या, विभिन्न प्रश्नावली, तथ्यांक संकलन फाराम आदि के के प्रयोग गर्ने हो पहिले नै निश्चित गरी सिमा निर्धारण गरी अध्ययन गरियो भने अनुसन्धान सजिलै पूरा गर्न सकिन्छ । यस अध्ययनमा निम्न परिधि भित्र रहेर तथ्यांक संकलन गरिएको थियो ।

(क) नमूना विद्यालयहरू मोरङ्ग जिल्ला ( उर्लाबारी गा.वि.स.) भित्रका सार्वजनिक र निजी विद्यालयहरू मध्येबाट मात्र रहेका छन् ।

(ख) प्राथमिक तह उमेरका धिमाल वालबालिकाहरूको शैक्षिक पक्षको मात्र अध्ययन गरिएको थियो ।

(ग) विद्यालयका तथ्यांकहरू र घरधूरीको स्थलगत अध्ययनगरी आवश्यक तथ्यांक संकलन गरिएको थियो ।

(घ) अनुसूचिमा राखिएका अन्तरवार्ता प्रश्नावली, फारामहरूको मात्र प्रयोग गरिएको थियो ।

## अध्याय - दुई

## संम्वन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान एउटा रमाईलो तर कठिन कार्य हो, अनुसन्धानमा अनुसन्धानकर्ता विभिन्न स्रोत र तथ्याङकहरुको विस्तृत अध्ययन र प्रयोग गर्नु पर्दछ । सहि जानकारी लाई सहि ठाउमा उपयोग गर्न सकियो भने उपयुक्त निस्कर्ष निकाल्न सकिन्छ । यस अध्ययनमा धिमाल वालवालिकाहरुको शैक्षिक अवस्था संग संवन्ध राख्ने विभिन्न जानकारीहरुको संकलन र प्रयोग गरिएको छ ।

CERID (1998) द्वारा प्रस्तुत प्रतिवेदनमा विभिन्न कारणले समाजमा पछि परेका जनजाति, आदिवासीहरूका बालबच्चा शिक्षाको उज्यालोबाट टाढा रहेको कुरा प्रस्तुत गर्दै विद्यालय जाने गरेका बालबालिकाहरू विचैमा विद्यालय छोड्ने, कक्षा नियमित नजाने, पुनः कक्षा दोहोर्‍याउने तथा पढाइमा कमजोर हुने जस्ता समस्याहरू प्रस्तुत गरिएको छ । त्यस्ता बच्चाहरूका मुख्य समस्या भनेको उचित वातावरण नहुनु, शिक्षण सिकाई क्रियाकलाप दैनिक जीवनसंग असम्बन्धित हुनु, शारीरिक रूपमा कमजोर र कुपोषित हुनु, शिक्षाबाट तुरुन्तै फाइदा नदेख्नु, शैक्षिक सामग्रीको प्रयोग कम हुनु, भाषागत समस्या हुनु, अभिभावकहरूमा आर्थिक समस्या हुनु साथै चेतनाको अभाव हुनु जस्ता पक्षहरूलाई समेटीएको छ ।

Ukyab र Adhikari (2056) का अनुसार, धिमाल जातिको उद्गम स्थल  झापा जिल्लाको हो । पूर्वी पहाडका लिम्बूहरू मध्येको एक भाइ खेतिपाती गर्ने शिलसिलामा तराईमा आई बसोबास सुरु गरेको र त्यसैलाई समय बित्दै जांदा लिम्वुको सट्टा धिमाल भन्न थालिएको र उसैका सन्तानहरू धिमाल भएका हुन् भनिएको छ । त्यसकारण धिमाललाई तराईका लिम्वुहरू पनि भनिन्छ । धिमालहरू शैक्षिक र आर्थिक रूपले कमजोर छन् । साथै समाजमा हालसम्म पनि पछाडि नै देखिन्छ, तर सांस्कृतिक रूपमा त्यति कमजोर छैनन् । यिनीहरूको मूख्य पेशा कृषि र पशुपालन हो । पुरुष प्रधान यस जातिमा महिलाहरू रक्सी, जाँड उत्पादन गरेर दैनिक सानातिना खर्चहरू टार्छन् । छोरा र छोरीमा सामान्य विभेद गरेको पाइन्छ । उनीहरूको आफ्नो भाषा (धिमाली) गाउँ घरतिर अलि अलि प्रयोग गर्छन्, तर धेरैजसो बोलचालमा नेपाली भाषा नै प्रयोग गर्छन् । हाल युवा युवतिहरूले उनीहरूका परम्परागत पोषाक र भाषा त्यति प्रयोग गरेको पाइदैन ।

रेग्मी (१९९१) द्वारा लिखीत The Dhimal का अनुसार  धिमालहरू पूर्वी पहाडका राई र लिम्वूहरूको रक्त सम्बन्धबाट उत्पत्ति भएका हुन् । धिमाल शब्द 'हिमाल' बाट उत्पत्ति भएको हो । शताब्दीऔं अघि उत्पत्ति भई झापा जिल्लामा बसोबास गर्न सुरु गरेपछि क्रमशः यिनीहरूको जनसंख्या बढ्दै गयो र अस्तित्वमा आए ,सुरुमा धिमालहरू तराईमा निकैजग्गाका मालिक थिए, तर अशिक्षा र सिधासादा भएका कारण हाल कतिपय जमिन विहिन भै सकेका पाइन्छ भनि उल्लेख गरेका छन् ।

दाहालले आफ्नो पुस्तक  "धिमाल लोक जीवन अध्ययन २०३६" मा धिमालहरूको शैक्षिक, आर्थिक सामाजिक जीवनको व्याख्या गरेका छन् । धिमालहरू राई- लिम्वूको रक्त सम्बन्धबाट उत्पत्ति भएको र

धिमाली भाषा राई र लिम्वु भाषासँग मिल्दो जुल्दो रहेको कुरा उल्लेख गरिएको छ, आफ्नो परिवार समूह भित्र धिमाल भाषाकै प्रयोग गर्ने गरेकाले यिनीहरूका केटाकेटी त्यति नेपाली भाषा प्रयोग गर्दैनन् भनिएको छ ।

गौतम, थापामगरका अनुसार, मुख्य बसोबास नेपालको झापा र मोरङ्ग भए पनि नेपाल बाहिर भारतको सिलीगुडी, जलपाइगुडी, बाँदरवस्ती, आसाम आसपासका ठाउँहरूमा पनि धिमालहरूको बसोबास छ । सोझा, सिद्या, सरल स्वभावका र सामान्य जीवन शैलकि धिमालहरूलाई राजवंशीहरू धिमाल भन्दछन्, भने मेचेहरू हाइको (Haikos) भन्दछन् भने अन्य मानिसहरू तराईका लिम्वुहरू भन्दछन् । शैक्षिक, सामाजिक क्षेत्रमा यिनीहरूको भूमिका अलि कम नै पाइन्छ ।

विष्टको People of Nepal का अनुसार, पूर्वी पहाडका लिम्वु जातिका मानिस मध्येका केही तराईको फराकिलो जमिनमा खेतिपाती गर्न झरेका मानिसहरू यतै बसोबास गर्न सुरु गरे त्यही समूहलाई धिमाल जाति भन्न थालियो । यिनीहरूको आफ्नो लिपि छैन, तर भाषा छ, सोझा, सिधा भएकाले सामाजिक कार्यहरूमा पछि परेका देखिन्छन् ।


धिमाल जातिका राष्ट्रिय सम्मेलनका प्रतिवेदनहरु (२०६३)का अनुसार वर्षौं देखि पूर्वी तराईका झापा र मोरङ्ग जिल्लामा बसोबास गर्दै आएका धिमालहरूले यहाँको जंगललाई खेतियोग्य भूमिको रूपमा विकास गरेका तर औलो उन्मूलन पछि अन्य जातजातिहरू बसाई सरेर आए र सिदा सादा धिमालहरूको सस्तो मूल्यमा जग्गा खरिद गरी आफू धनि भए समाजमा अशिक्षा र अज्ञानताको कारणले धिमालहरू पछि परेको कुरा उल्लेख गरिएको छ । सामाजिक न्याय नभएकोले धिमाल जातिहरू क्रमशः भूमि विहिन हुँदैछन् त्यसैले समाजले पिछडिएका सवै जातजातिलाई समान अवसर प्रदान गरी मूलधारमा ल्याउनु पर्दछ भनि उल्लेख गरिएको छ ।

पाण्डेयको (२०६०) अनुसार, आदिवासी, जनजातिहरू सिधा सोझा र अशिक्षित छन् । शान्त स्वभावका उनीहरूले नेतृत्व गर्न अघि नसरी खेतिपाती, पशुपालन तिर ध्यान दिन थाले । नेतृत्वदायि पदमा पढेलेखेका क्षेत्री, ब्राह्मण र अन्यजातकाहरुलाई अनुरोध गर्न थाले । यसरी क्रमशः उनीहरू पछि पर्न थाले समाजले विगतमा पछि परेका जाति जनजातिहरूलाई वास्ता नगरेको हुनाले हाल जनजातिहरू अशिक्षित र शोषित छन् ।

## २.१. अवधारणात्मक ढाँचा

यस शोध अध्ययनका लागि नमूना लिइएका उर्लाबारी गा.बि.स. का प्राथमिक तहका धिमाल जातिका वालवालिकाहरुको शैक्षिक अवस्थाको अवधारणात्मक ढाँचा यस प्रकार रहेको छ । यस

अबधारणात्मक ढाँचामा वालावालिकाहरुको शैक्षिक अवस्थासंग प्रतक्ष्य अप्रतक्ष्य संलग्न विभिन्न पक्षहरु समेटीएको छ । जसमा विद्यार्थी भर्ना सं ,कक्षा चढ्ने सं, कक्षा दोहोर्याउने स., कक्षा छाड्ने सं, उपस्थिति, सकृयता, अनुशासन, अभिभावक र विद्यालय परिवारको प्रयास, उपलब्धिस्तर आदि कुराहरु लाई समेटिएको छ ।



# अध्याय - तीन

## अध्ययन विधि

कुनै पनि अनुसन्धानको महत्वपूर्ण पक्ष भनेको अध्ययन विधि हो । अनुसन्धानलाई कसरी कुन विधि प्रयोग गरी सम्पन्न गर्ने भन्ने कुराको पूर्व योजना बनाएर अघि बढ्न सके मात्र अनुसन्धानले सफलता पाउन सक्छ तथा उचित निष्कर्षमा पुग्नुको साथै सामान्यीकरण गर्न पनि सजिलो हुन्छ ।

अध्ययनलाई निम्न ढाँचा, नमूना छनौट प्रक्रिया, सूचना संकलनका क्षेत्रहरू र साधनहरू प्रयोग गरी सम्पन्न गरिएको थियो ।

### ३.१ अनुसन्धान विधि

यस अध्ययनमा  गुणात्मक विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ ।

### ३.२ सूचना संकलनका स्रोतहरू:

यस अनुसन्धानका लागि प्राथमिक तहका धिमाल वालवालिकाहरुको शैक्षिक अवस्था संग संवन्धित विभिन्न तथ्यांक र सुचनाहरु संकलन गरिएको थियो । तथ्यांक संकलनका स्रोतहरु निम्न अनुसार थिए । क) प्राथमिक स्रोतहरु,  ख)सहायक स्रोतहरु

(क)  प्राथमिक स्रोतहरू:

पहिलो पल्ट संकलन गरिएका स्रोतहरूलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ । जस्तैः यस अध्ययनमा विभिन्न व्यक्तिहरू प्र० अ० हरु, शिक्षकहरु ,अभिभावकहरु , विधार्थीहरु इत्यादि सँग लिइएको लिखित अन्तरवार्ता, प्रत्यक्ष कुराकानी तथा छलफल आदिबाट प्राप्त तथ्यांकहरूका स्रोतहरू नै प्राथमिक स्रोतहरू हुन् ।

(ख)  सहायक स्रोत:

पहिले नै संकलन गरिएका विभिन्न स्रोतहरूलाई सहायक स्रोतको रूपमा लिइएको छ । जस्तै यस अध्ययनमा विभिन्न व्यक्तिहरूद्वारा लेखिएका पुस्तक, लेख, रचना, रिपोर्ट तथा विद्यालयका अभिलेख आदि  बाट संकलन गरिएका तथ्यांकका स्रोतहरू सहायक स्रोतहरू हुन् ।

उक्त सूचना संकलनका स्रोतहरू प्रयोग गरी संकलित सूचनाहरूको व्याख्या, विश्लेषण गरी यस अनुसन्धानलाई सम्पन्न गरिएको छ ।

३.३ नमूना छनौट प्रक्रिया

यस अनुसन्धानलाई सम्पन्न गर्न निम्न अनुसारका नमूना जनसंख्या छनौट गरी उक्त नमूनाबाट प्राथमिक तह उमेरका धिमाल बालबालिकाहरूको शैक्षिक अवस्था र शैक्षिक सुधारका लागि सम्बन्धित पक्षहरूबाट निर्मित योजनासँग सम्बन्धित तथ्यांक संकलन गरिएको थियो । जसमा सरकारी तथा नीजिसंस्थाहरूको सहयोग लिइएको थियो ।

उर्लावारी गा.वि.स.मा करिव ३ दर्जन सामूदायिक र संस्थागत विद्यालयहरू रहेका छन्, तिनीहरूमध्ये धिमाल वस्ती नजिकका सामूदायिक विद्यालयहरू  श्री सुनपकुवा मा.वि., श्री राधिका मा.वि. र श्री दुर्गा प्रा.वि. तथा संस्थागत विद्यालयहरू श्री सन साइन, श्री हिमालय र श्री भृकुटी मोडेल आ.मा. वि.हरू बाट प्राथमिक तहका धिमाल बालबालिकाहरूको शैक्षिक, संवेगात्मक, सामाजिक आदि पक्षसँग सम्बन्धित तथ्य तथ्यांक संकलन गरिएको थियो । जसमा श्रोत व्यक्ति, विद्यालयका प्र.अ.हरू, अभिभावकहरु,  शिक्षकहरु र  धिमाल बालबालिकाहरू समावेश गरिएको थियो । नमूना जनसंख्याको रुपमा ४५ जना वालवालीकाहरु, ६ जना प्र.अ.हरु, १० जना शिक्षकहरु, विद्यालयका बि.व्य.स. अध्यक्षहरु र PTA संयोजकहरु छानीएका थिए ।

३.४ साधनको निर्माण:

अनुसन्धानका लागि आवश्यक तथ्यांक संकलन गर्नका लागि सर्वप्रथम विभिन्न अन्तरवार्ता प्रश्नावली र फारामहरूको निर्माण र विकास गरिएको थियो । उक्त प्रश्नावली र फारामहरू निर्माण गरी शोध निर्देशकज्यूको अनुमतिले यस अनुसन्धानका निमित्त आवश्यक सम्पूर्ण तथ्यांक संकलन गरिएको थियो । जुन साधनहरू यस प्रकार रहेका छन् ।

(क)  विद्यालय सर्वेक्षण फाराम:

यस फारामको सहयोगले विद्यालय आउने विद्यार्थीहरू मध्ये धिमाल बालबालिकाहरूको भर्ना दर, परिक्षामा सहभागिता, उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने दर संकलन गरी बालबालिकाहरूको शैक्षिक अवस्था बारेका तथ्यांक संकलन गरिएको थियो । उक्त फारामको नमूनालाई अनुसूचि २ मा समावेश गरिएको छ । त्यस्तै यसै अन्तरगतको विद्यार्थी उपस्थिति फारामको नमूना लाई अनुसूचि ३ मा राखिएको छ ।

(ख)  घरधूरी सर्वेक्षण फाराम

यस फारामको सहयोगले प्राथमिक तह उमेरका धिमाल बालबालिकाहरू जो विभिन्न कारणले विद्यालय जान सकेका छैनन् वा विचैमा कक्षा छाडेर घरै बसेका छन्, वा विद्यालयमा भर्ना भएर पढिरहेका छन् तिनीहरूको शैक्षिक अवस्था बारे र शैक्षिक अवस्थालाई प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव पार्ने विभिन्न पक्षहरूका बारेमा गुणात्मक र परिमाणात्मक तथ्यांक संकलन गरी यस अध्ययनको मूख्य आधार तयार गरिएको थियो । तथ्यांक संकलनका क्रममा अभिभावक तथा तिनका बाल बच्चाहरूको क्रियाकलाप अवलोकन, घरायसी वातावरण, आदिको कयौं दिनसम्म प्रत्यक्ष-अप्रत्यक्ष अध्ययन सम्पन्न गरी छिमेकी र सामाजिक कार्यकर्ताहरूसँग समेत

आवश्यक सम्पर्क गरी घरधुरी सर्वेक्षण फारामको सहयोगले तथ्यांक संकलन गरिएको थियो । घरधूरी सर्वेक्षण फारामको नमूना अनुसूचि १ मा राखिएको छ ।

(ग) प्रश्नावली:

विद्यालय जाने बालबालिकाहरू र घरैमा बसेका बालबालिकाहरूको शैक्षिक अवस्था, कारणको अध्ययन अनुसन्धान गर्न माथि उल्लेखित विभिन्न फारामहरूका साथै निम्न व्यक्ति वा समूहलाई प्रश्नावलीको प्रयोग गरी थप तथ्यांक संकलन कार्य गरी अध्ययनको आधार लाई मजवूद बनाइएको थियो । जस्तै:

* विद्यालय जाने र नजाने बालबालिकाहरूका अभिभावकहरूका लागि प्रश्नावली को नमूना अनुसूची ७ मा राखिएको छ ।
* स्रोत केन्द्रका स्रोत व्यक्तिका लागि प्रश्नावलीको नमूना अनुसूची ६ मा राखिएको छ ।
* प्र.अ. र छनौट गरिएका शिक्षकहरूका लागि प्रश्नावली को नमूना अनुसूची ४र ५ मा राखिएको छ ।
* विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र P.T.A. संयोजकहरूका लागि प्रश्नावली अनुसूची ९ मा राखिएको छ ।
* विद्यालय गएका र पढ्न छोडेका वा नगएका बालबालिकाहरूका लागि प्रश्नावली को नमूना अनुसूची ८ मा राखिएको छ।

३.५ साधनको विश्वसनियता र वैधता:

तथ्यांक संकलन र अध्ययन कार्यका लागि निर्माण गरिएका प्रश्नावली तथा फारामहरू निर्माण र विकास गर्नु पूर्व अन्य अग्रजहरूका शोध अध्ययन र प्रश्नावली तथा सामग्रीहरूको व्यापक अध्ययन गरिएको थियो । तत् पश्चात्को अनुभव र प्राथमिक तहका बालबालिकाहरूको अवस्था पहिचान गरी आफ्ना सहपाठी साथीभाइहरु सँगको छलफल पछि तयार पारिएका माथिका बिभिन्न सामग्रीहरू जो निर्देशक ज्यूको सुझाव र सल्लाह अनुसार परिमार्जन र सुधार गरिएको थियो । जसको प्रयोग गरी आवश्यक सम्पूर्ण तथ्यांक संकलन गरिएका सामग्रीहरूबाट वास्तविक र महत्वपूर्ण तथ्यांक संकलन हुने विश्वास गरिएको थियो ।

३.६ तथ्यांक संकलन प्रक्रिया:

तथ्यांक संकलन एउटा जटिल तर रमाइलो कार्य हो साथै तथ्यांक संकलनकै आधारमा अध्ययनको निष्कर्ष आउने हुनाले जति सत्य तथ्य संकलन गर्न सकिन्छ त्यति अनुसन्धान राम्रो र सर्वमान्य हुन्छ भन्ने कुरालाई

मनन गरि यस अनुसन्धानमा प्रश्नावली र फारामहरूको उचित प्रयोग गर्दे तथ्यांक संकलन गरिएको थियो । तथ्यांक संकलन गर्ने क्रममा सर्वप्रथम विद्यालयमा आफैं उपस्थित भई विद्यालयका प्र.अ हरु,. शिक्षकहरू, विद्यार्थीहरु , व्यवस्थापन समितिका अध्यक्ष र P.T.A. संयोजक सँग प्रश्नावलीको मद्दतले आवश्यक तथ्य र जानकारी लिखित रूपमा लिइएको थियो । साथै स्रोत व्यक्ति (R.P.) सँग पनि आवश्यक जानकारी लिइएको थियो ।

त्यसैगरि धिमाल जातिका प्राथमिक तह (कक्षा ५ सम्मका) बालबालिकाहरू मध्ये नमूना बालबालिकाहरूसँग प्रश्नावलीको माध्यमबाट आवश्यक तथ्यांक संकलन गरिएको थियो । साथै विद्यालयको अभिलेख २०६५ बाट विद्यालय सर्वेक्षण फारामको प्रयोग गर्दे २०६५ सालमा प्राथमिक तहका विभिन्न कक्षाहरूमा रहेका विभिन्न विद्यार्थीहरूको बारेमा विवरण संकलन गरिएको थियो ।

प्रश्नावली र फारामहरुको नमूना अनुसूचिमा राखिएका छन् ।

अध्याय - चार

## तथ्यांकहरूको व्याख्या र विश्लेषण

यस अध्ययनमा प्राथमिक विद्यालय उमेरका धिमाल बालबालिकाहरूको शैक्षिक स्थितिको बारेमा लेखाजोखा गर्न तथा बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता बारे अनुसन्धान गर्न खोजीएको छ विशेष गरी वालवालिकाहरुको शैक्षिक सहमागिता शैक्षिक उपलब्धि, अभिभावकहरुको प्रयास, विद्यालयको प्रयास इत्यादी पक्षको व्याख्या विश्लेषण गरीएको छ ।

४.१ धिमाल जातीको अवस्था

यस अनुसन्धानमा अध्ययन क्षेत्र उर्लाबारी गा.वि.स.का वडाहरू ३, ४, ६, ७ थियो जहाँ धिमाल जातिका मानिसहरू बसोबास गर्छन् । त्यहाँका ४५ घरधूरी (नमूना) मा घरधूरी सर्वेक्षण फाराम स्थलगत रूपमा भरेर नयाँ र आवश्यक पारिवारिक, आर्थिक, अभिभावकहरूको शैक्षिक पेशागत, भाषागत, तथ्यांकहरू तथा विद्यालय नजाने वालवालिकाहरूको बारेमा समेत जानकारी संकलन गरिएको थियो ।

४.१.१ परिवारको जनसंख्याको अवस्थाः

उर्लाबारी गा.वि.स. वडा नं. ३,४, ६ र ७ का नमूना घरधूरीको (४५ घरधूरी) को जम्मा ज.सं. को अवस्था यस प्रकार रहेको पाइयो, जसमा प्राथमिक विद्यालयमा भर्ना भएको संख्या, कक्षा छोडेको संख्या, कक्षा उत्तीर्ण संख्याको विवरण प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.१
परिवारको जनसंख्याको अवस्था

| जनसंख्या | | | विद्यालय भर्ना भएको संख्या | | | कक्षा छोडेको संख्या | | | कक्षा उत्तीर्ण संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| १९० | १०० | ९० | ९० | ४७ | ४३ | १० | ५ | ५ | ८० | ३९ | ४१ |

स्रोतः स्थलगत अध्ययन २०६८ ।

उक्त तालिकाबाट प्राप्त तथ्यांक एवं जानकारी अनुसार धिमाल परिवारका ४५ नमूना घरधूरीमा जम्मा १९० जना मानिस बस्दछन्, ती परिवारबाट प्राथमिक तहमा जम्मा ९० जना बालबालिकाहरू पढ्न गएका देखिन्छन् । ती मध्ये ८० जनाले आ-आफ्ना कक्षा उत्तीर्ण गरेको देखिन्छ ।

४.१.२ परिवारको पेशा

घरधूरी सर्वेक्षणका क्रममा लिइएका ४५ नमूना घरधूरीका अभिभावकहरूसँग उनीहरूले गर्ने पेशा बारे छलफल गरिएको थियो । उक्त पेशावारे प्राप्त तथ्यांकहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.२

अभिभावकहरूको पेशाको अवस्था

| क्र.सं. | अभिभावकको पेशा | घरधूरी (परिवार) | |
|---|---|---|---|
| | | (N=45) | % |
| १. | कृषि तथा पशुपालन | ८ | १७.७८ |
| २. | ज्यालादारी | १२ | २६.६७ |
| ३. | नोकरी | ३ | ६.६७ |
| ४. | व्यापार (सानो किसिमको) | ८ | १७.७८ |
| ५. | वैदेशिक रोजगार | ४ | ८.८९ |
| ६. | घरायसी उत्पादन (जस्तैः मदिरा आदि) | १० | २२.२२ |
| | | | |

स्रोतः स्थलगत अध्ययन २०६८ ।

धिमाल अभिभावकहरूले गर्दै आएको पेशाको अध्ययन गर्दा प्रायः सवैको सामान्य आय आर्जन हुने खालको पेशा देखिन्छ । परम्परागत खेति तथा पशुपालन, घरमा मदिरा उत्पादन गर्ने र बेचविखन गर्ने जस्तो सामान्य आर्थिक लाभ हुने किसिमका पेशा धेरै जसोले अँगालेको देखिन्छ भने नोकरी तथा वैदेशिक रोजगारमा जानेहरूको संख्या न्यून नै देखिन्छ जस्तै सवभन्दा बढी मजदूरिमा (कुलको २६.६७ प्रतिशत) लागेको पाइयो भने नोकरीमा कुल घरधुरीको ६.६७ प्रतिशत लागेको पाइएको थियो । ५० प्रतिसत भन्दा वढि अभिभावकहरुको आम्दानी ज्यादै कम भएकोले उनिहरुले आफ्ना वालवच्चाहरुलाई डट, कापि, विद्यालयको पोशाक आदि उपलब्ध गराउन नसक्ने देखिएको तथा नियमित विद्यालय नपठाउने गरेकोले अध्ययनकार्य प्रभावितहुने देखिन्छ।

४.१.३ परिवारको आकार र वालवालिकाहरुको शैक्षिक अवस्था

धिमाल परिबारको आकार के कत्रो छन् र परिवारको आकारले वालवालिकाहरुको शैक्षिक उपलब्धि मा के कस्तो प्रभाव पार्दो रहेछ भनि अध्ययनको प्रयास गरिएको थियो । घरधुरी सर्वेक्षण फारामको प्रयोग गर्दै स्थलगत रुपमा निम्न बिबरण संकलन गरिएको थियो ।

तालिका नं. ४.३

धिमाल परिवारको आकार र बालवालिकाहरुको शैक्षिक अवस्था

| घरधूरी संख्या | परिवार संख्या | जम्मा संख्या | प्रा.तहमा पढ्ने संख्या | विचैमा छोड्ने संख्या | उत्तीर्ण संख्या |
|---|---|---|---|---|---|
| ९ | २ | १८ | - | - | - |
| ७ | ५ | ३५ | १५ | २ | १३ |
| ६ | ३ | १८ | ४ | - | ४ |
| ८ | ४ | ३२ | १५ | १ | १४ |
| ४ | ६ | २४ | १६ | ३ | १३ |
| ९ | ७ | ६३ | ४० | ४ | ३६ |
| ४५ | | १९० | ९० | १० | ८० |

स्रोतः स्थलगत अध्ययन २०६८।

घरधूरी सर्वेक्षण गर्दा लिइएका नमूना घरधूरी (४५ घर) को पारिवारिक तथा शैक्षिक पक्षको अध्ययन अवलोकन गर्दा जम्मा जनसंख्या १९० जना मध्ये प्राथमिक तहमा पढ्ने ९० जना बालबालिकाहरू भएको र १० जनाले विचैमा कक्षा छोडेको देखिन्छ । कक्षा छोड्ने मध्ये ठूलो परिवार (५, ६, ७ जनासम्म) भएका घरहरूबाट बढि विद्यार्थीहरूले पढाईलाई निरन्तरता दिन नसकेको देखिन्छ । यस्तो किन भएको भन्ने जिज्ञासामा अभिभावकहरूले आर्थिक अभावका कारण घरायसीकाम अलि बढी लगाउनु परेकोले विचैमा पढाई छुटेको प्रतिक्रिया दिएका छन् । त्यस्तै थोरै सन्तान भएका परिवारहरूबाट विद्यालय गएका बच्चाहरूले विचमा पढाई नछोडेको पनि मािथको तालिकामा देखिन्छ ।

४.१.४ परिवारको शैक्षिक अवस्थाः

स्थलगत अध्ययन अनुसन्धानका क्रममा धिमाल अभिभावकहरूको शैक्षिक अवस्था के कस्तो रहेछ भनी छलफल गरी तथ्यांक संकलन गरिएको थियो । बालबालिकाहरूलाई शिक्षित बनाउन तिनीहरूका अभिभावहरूको शैक्षिक योग्यता तथा शिक्षा प्रतिको दृष्टिकोणको महत्वपूर्ण भूमिका रहने भएकोले उनीहरूको शैक्षिक अवस्था संकलन गरिएको हो । जुन विवरण यसप्रकार छ ।

तालिका नं. ४.४
अभिभावकहरूको शैक्षिक अवस्था

| क्र.सं. | अभिभावकको शैक्षिक विवरण | घरधूरी (परिवार) | बालबालिकाहरुको औसत शैक्षिक उपलब्धी स्तर |
|---|---|---|---|
| | | (N=45) | |
| १. | निरक्षर | ३ | नराम्रो |
| २. | साधारण साक्षर | १६ | ठिकै |
| ३. | एस.एल.सी. उत्तीर्ण | २० | ठिकै र उत्कृष्ट |
| ४. | १०+२ उत्तीर्ण | ६ | उत्कृष्ट |
| ५. | स्नातक उत्तीर्ण | - | - |
| ६. | स्नातकोत्तर | - | - |

स्रोतः स्थलगत अध्ययन २०६८।

उक्त विवरण हेर्दा धिमाल अभिभावकहरूको शैक्षिक अवस्था निकै कमजोर अवस्थाककै देखिन्छ। उच्च शिक्षा हासिल गर्न नमूना घरधुरीभित्रबाट कसैले सकेको देखिदैन । माध्यमिक तह (SLC) सम्म जम्माको २० घरधुरीका र कक्षा १२ सम्म ६ घरधुरी का अभिभावकहरु उत्तीर्ण भएको देखिन्छ र जम्माको ३ घरधुरीका अभिभावकहरु निरक्षर भएको देखिन्छ । अभिभावकहरुको शैक्षिक अवस्थाले उनीहरुका वालवालिकाहरुको शैक्षिक उपलब्धि स्तरमा प्रतक्ष्य प्रभाव पारेको देखिन्छ S.L.C र १२ सम्म अध्ययन पुरा गरेका अभिभावकहरुको वालवालिकाहरुको शैक्षिक स्तर अन्यको तुलनामा राम्रो देखिन्छ भने साक्षर र निरक्षर अभिभावकहरुका वालवालिकाहरुको शैक्षिक अवस्था कमजोर देखिन्छ।

४.१.५ बिद्यार्थिहरुको घरको अध्ययन समय

धिमाल बालबालिकाहरूले विद्यालय बाहेक घर मा के कति घण्टा समय अध्ययनमा लगाउँछन् भनि घरधूरी सर्वेक्षण फारामबाट प्राप्त तथ्यांकहरू विश्लेषण गर्दा निम्न अनुसारको विवरण प्राप्त भएको छ । जसमा विद्यार्थीहरू तथा अभिभावकहरूको प्रतिक्रिया लिइएको थियो ।

तालिका नं. ४.५

बालबालिकाहरूको घरमा अध्ययन समय

| क.सं. | विवरण (अध्ययन समय) | विद्यार्थी प्रतिक्रिया | अभिभावक प्रतिक्रिया |
|---|---|---|---|
| | | (N=30) | (N=30) |
| १. | दैनिक ५-६ घण्टा र सो भन्दा बढी | - | - |
| २. | दैनिक ४-५ घण्टा र सो भन्दा बढी | ३ | २ |
| ३. | दैनिक ३-४ घण्टा र सो भन्दा बढी | ५ | ५ |
| ४. | दैनिक २-३ घण्टा र सो भन्दा बढी | १२ | १३ |
| ५. | दैनिक १-२ घण्टा र सो भन्दा बढी | १० | १० |

स्रोतः स्थलगत अध्ययन २०६८ ।

उक्त विवरण अनुसार दैनिक १ देखि ३ घण्टा घरमा अध्ययन गर्ने धिमाल बालबालिकाहरूको संख्या अधिकतम देखिन्छ, भने दैनिक ४-५ घण्टा अध्ययन गर्ने बालबालिकाहरूको संख्या न्यूनतम देखिन्छ । घरमा अध्ययन गर्ने समय धिमाल बालबालिकाहरूले बढाउनु पर्ने देखिन्छ ।

४.१.६ बालबालिकाहरू विद्यालय नजाने (बिचमै कक्षा छोड्ने) बारे अभिभावक धारणाः

घरधूरी सर्वेक्षणका क्रममा धिमाल अभिभावकहरूसँग भएको छलफलमा उनीहरूका बाल बच्चाहरूले किन विचैमा कक्षा छोड्छन् भन्ने बारे प्रतिक्रिया लिइएको थियो । बालबालिकाहरूले कक्षा छोड्ने बारे निम्न कारणहरू प्रतिक्रिया स्वरूप प्राप्त भएका छन् ।

(क) शिक्षाको प्रतिफल तत्काल नदेखेकोले ।

(ख) घरायसी काममा समय दिनु पर्ने भएकोले ।

(ग) अभिभावहरूमा चेतनाको कमि भएकोले ।

(घ) खराव साथिको सँगतमा परेर ।

(ङ) विद्यालयमा राम्रो पठनपाठन नभएर ।

(च) कमजोर विद्यार्थीहरूलाई शिक्षकले वेवास्ता गरेर तथा पृष्ठपोषण नदिएर ।

(छ) परीक्षामा (त्रैमासिक, अर्धवार्षिक) फेल भएर ।

(ज) आर्थिक अवस्था कमजोर र परिवार संख्या धेरै भएकोले ।

४.२ शैक्षिक सहभागिता

यस अन्तरगत प्राथमिक तहका धिमाल बालबालिकाहरूको शैक्षिक स्थितिलाई विद्यार्थी भर्नादर , विद्यार्थी उपस्थिति, विचैमा कक्षा छोड्नेदर, कक्षा दोहोर्‍याउनेदर, उत्तीर्णदर जस्ता शैक्षिक सहभागितात्मक पक्षहरूलाई तालिकामा प्रस्तुत गरि व्याख्यात्मक विधिद्वारा विश्लेषण गरिएको छ ।

४.२.१ भर्नादर :

पूर्व निर्धारित अध्ययन क्षेत्रका सामुदायिक तथा संस्थागत नमूना विद्यालयका विद्यार्थीभर्ना अभिलेखबाट संकलन गरिएको तथ्यांक तथा सूचनाहरू अध्ययन तथा विश्लेषण गर्दा प्राथमिक तहका धिमाल बालबालिकाहरूको भर्नादरको अवस्था यस प्रकार रहेको पाइयो ।

तालिका नं. ४.६
धिमाल बालबालिकाहरूको भर्नादर २०६५

| कक्षा | जम्मा भर्ना संख्या | (प्रतिशत) | छात्र संख्या | (प्रतिशत) | छात्रा संख्या | (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | २७ | (३०.००) | १२ | (४४.४४) | १५ | (५५.५५) |
| २ | २० | (२२.२२) | १० | (५५.५५) | ८ | (४४.४४) |
| ३ | १३ | (१४.४४) | ८ | (६१.५३) | ५ | (३८.४६) |
| ४ | २५ | (२७.७८) | १४ | (५६.००) | ११ | (४४.००) |
| ५ | ७ | (७.८०) | ३ | (४२.८५) | ४ | (५७.१४) |
| १-५ | ९० | (१००) | ४७ | (५२.२२) | ४३ | (४७.७८) |

स्रोतः विद्यालयको अभिलेख, २०६५ ।

माथिको तालिकाको तथ्यांक अनुसार शैक्षिक सत्र २०६५ मा प्राथमिक तहमा जम्मा ९० जना बालबालिकाहरू भर्ना भएको देखिन्छ । जसमध्ये ४७ जना (५२.२२%) छात्रहरू तथा ४३ जना (४७.७८%) छात्राहरू भर्ना भएका छन् । कक्षागत विवरण हेर्दा शैक्षिक सत्र २०६५ मा कक्षा १ मा मात्र २७ जना विद्यार्थीहरू भर्ना भएको जुन प्राथमिक तहमा भर्ना भएका कुल संख्याको ३० प्रतिशत हुन आउँछ । साथै सवैभन्दा कम कक्षा ५ मा ७ जना भर्ना भएको देखिन्छ जुन कुल संख्याको ७.८ प्रतशित हुन्छ ।

विद्यार्थी भर्नादर बारे विद्यालयका प्र.अ.हरूसँग भएको छलफल अनुसार धिमाल अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने दर उत्साह जनक देखिन्छ । सामुदायिक तथा संस्थागत दुवै किसिमका विद्यालयहरूमा अभिभावकहरूले बालबालिका भर्ना गराएको देखिन्छ ।

स्थलगत अध्ययनका क्रममा अभिभावकहरूसँग भएको छलफलमा पनि ५ वर्ष उमेर पुगेका सबै धिमाल बालबालिकाहरू विद्यालय भर्ना भएको तथ्यांक प्राप्त भएको थियो ।

४.२.२ उपस्थितिः

अध्ययन क्षेत्रका नमूना विद्यालयहरूका प्राथमिक तहका धिमाल बालबालिकाहरूको दैनिक उपस्थिति अध्ययन गर्दा कक्षा १ देखि ५ सम्म बालबालिकाहरूको उपस्थिति यसप्रकार रहेको देखियो ।

तालिका नं. ४.७
धिमाल बालबालिकाहरूको औसत उपस्थिति २०६५

| कक्षा | जम्मा औसत उपस्थिति | छात्र उपस्थिति (औसत दिन) | छात्रा उपस्थिति (औसत दिन) |
|---|---|---|---|
| १ | १६७.२९ | १६३ | १७५ |
| २ | १७३.११ | १७० | १७७ |
| ३ | १७४.२३ | १७५ | १७३ |
| ४ | १७२.२० | १७० | १७५ |
| ५ | १७५.४३ | १७२ | १७८ |

स्रोतः विद्यालयको अभिलेख, २०६५ ।

नोटः सामूदायिक विद्यालयमा पढाइ हुने दिन : १८० (न्यूनतम) ।

माथिको विवरण अनुसार धिमाल बालबालिकाहरूको औसत उपस्थिति हेर्दा कक्षा ५ मा सवभन्दा बढी विद्यार्थी १७५ दिन (करिव) उपस्थिति देखिन्छ भने कक्षा १ मा कम उपस्थित (करिव १६७ दिन) देखिन्छ । लिङ्गका आधारमा तुलना गर्दा कक्षा ३ मा केटी भन्दा केटाको उपस्थिति बढी देखिन्छ भने अन्य सवै कक्षामा केटा भन्दा केटीकै उपस्थिति राम्रो देखिन्छ । त्यस्तै कक्षा १ मा केटी र केटाको उपस्थितिको अन्तर अन्य सवै कक्षा भन्दा बढी (अथवा १२ दिन) देखिन्छ ।

बालबालिकाहरूको उपस्थितिका बारेमा प्र.अ.र शिक्षकहरु सँग भएको छलफलमा उपस्थिति उत्साहजनक भएको प्रतिक्रिया प्राप्त भएको छ । न्यूनतम १८० दिन विद्यालय संचालन हुनु पर्नेमा उक्त उपस्थिति विवरण उपयुक्त भएको विचार व्यक्त भएको थियो ।

४.२.३ उत्तीर्ण दर

प्राथमिक तहका धिमाल बालबालिकाहरूको अन्तिम परिक्षामा उत्तीर्णदरको अध्ययन गर्दा उत्तीर्ण उल्लेख्य रहेको पाइन्छ । शैक्षिक सत्र २०६५ मा कूल ९० जना धिमाल बालबालिकाहरूको भर्ना भएकोमा १० जनाले कक्षा छाडेको र बाँकी ८० जनाले निरन्तर अध्ययन गरि अन्तिम परिक्षामा सामेल भएको देखिन्छ ।

तालिका नं. ४.८
बालबालिकाहरूको उत्तीर्णदर-२०६५

| कक्षा | जम्मा संख्या | (प्रतिशत) | छात्र उत्तीर्ण संख्या | (प्रतिशत) | छात्राउत्तीर्ण संख्या | (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | २३ | (२८.२५) | १० | (४३.४८) | १३ | (५६.५२) |
| २ | १६ | (२०.००) | ९ | (५६.२५) | ७ | (४३.७५) |
| ३ | १३ | (१६.२५) | ८ | (६१.५४) | ५ | (३८.४६) |
| ४ | २१ | (२६.२५) | ११ | (५२.३८) | १० | (४७.६२) |
| ५ | ७ | (४.७५) | ३ | (४२.८६) | ४ | (५७.१४) |
| १-५ | ८० | (१००) | ४१ | (४१.२५) | ३९ | (४८.७५) |

स्रोतः विद्यालयको अभिलेख ।

माथिको तालिका अनुसार अन्तिम परिक्षामा सफल भएका ८० जना मध्ये ४१ जना (५१.२५%) छात्र तथा ३९ जना (४८.७५%) छात्र सफल भएको देखिन्छ । कूल ८० जना सामेल भएकोमा शतप्रतिशत विद्यार्थी पास हुनुका कारणहरू बारे प्र.अ. तथा शिक्षकहरूसँग छलफल भएको थियो । ती कारणहरू यस प्रकार छन्:

(१) २० प्रतिशत निरन्तर मूल्यांकनबाट अंक प्राप्त हुने ।

(२) विद्यार्थी केन्द्रित शिक्षण गरिएको ।

(३) उदार कक्षोन्नति प्रक्रियाबाट कक्षा चढाउने व्यवस्था आदि ।

४.२.४ कक्षा छाड्ने दर र कारण:

धिमाल बालबालिकाहरूको कक्षा छाड्ने दर बारेमा अध्ययन र छलफल गर्दा प्राथमिक तहका प्राय:जसो सबै कक्षामा पढाई छोड्ने बालबालिकाहरूको विवरण भेटिएको थियो । निम्न अनुसार विभिन्न विद्यालयहरूमा विद्यार्थीहरूले बीचैमा कक्षा छाडेको विवरण प्राप्त छ ।

तालिका नं. ४.९
कक्षा छाड्ने विद्यार्थीहरूको विवरण २०६५

| कक्षा | जम्मा संख्या | (प्रतिशत) | छात्र संख्या | (प्रतिशत) | छात्रा संख्या | (प्रतिशत) |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | (२०) | १ | (२०) | १ | (२०) |
| २ | २ | (२०) | २ | (४०) | - | - |
| ३ | ३ | (३०) | १ | (२०) | २ | (४०) |
| ४ | १ | (१०) | १ | (२०) | - | - |
| ५ | २ | (२०) | - | - | २ | (४०) |
| १-५ | १० | (१००) | ५ | (५०) | ५ | (५०) |

स्रोतः विद्यालयको अभिलेख २०६५ ।

माथिको विवरण अनुसार जम्मा (शैक्षिक सत्र २०६५मा) ९० जना विद्यार्थी भर्ना भएकोमा १० जनाले बिचैमा कक्षा छोडेको देखिन्छ, जुन जम्माको ११.११% देखिन्छ । लिङ्गका आधारमा तुलना गर्दा छात्र र छात्रा संख्या बराबर नै देखिन्छ भने कक्षागत विवरण अध्ययन गर्दा कक्षा ३ मा सवभन्दा बढी ३ जना र कक्षा ४ मा सवभन्दा कम १ जनाले बिचैमा पढाई छोडेको देखिन्छ ।

बालबालिकाहरूले कक्षा छोड्ने कारणहरू बारे शिक्षक अभिभावक तथा विद्यार्थी तिनै पक्षसँग छलफल र अन्तरक्रिया गरिएको थियो जुन विवरण यसप्रकार छ ।

तालिका नं. ४.१०
कक्षा छाड्ने कारणहरू

| क.सं. | कारणहरू | शिक्षक प्रतिक्रिया % (N = 10) | | अभिभावक प्रतिक्रिया % (N=10) | | विद्यार्थी प्रतिक्रिया % (N=10) | |
|---|---|---|---|---|---|---|---|
| १. | घरायसी कामको वोझ | २ | (२०) | २ | (२०) | ३ | (३०) |
| २. | साथि संगत | ३ | (३०) | २ | (२०) | १ | (१०) |
| ३. | विद्यालयमा पढाई राम्रो नभएर | - | - | १ | (१०) | २ | (२०) |
| ४. | पढाइलेखाइबाट फाइदा नदेखेर | २ | (२०) | २ | (२०) | १ | (१०) |
| ५. | आर्थिक अवस्था कमजोर भएकोले | ३ | (३०) | ३ | (३०) | ३ | (३०) |

स्रोतः स्थलगत अध्ययन २०६५ ।

उक्त कारणहरूको अध्ययन तथा छलफल गर्दा धिमाल बालबालिकाहरूले विचैमा पढाई छोड्ने विभिन्न कारणहरू देखिन्छन् । ति मध्ये आर्थिक अवस्था कमजोर भएको कारणले सवैभन्दा बढी बालबालिकाहरूले पढाई छोडेको देखिन्छ भने विद्यालयमा पढाई नभएको कारणले न्यून विद्यार्थीहरूले पढाई छोडेको देखिन्छ ।

उक्त कारणहरूबारे अभिभावक, शिक्षक र विद्यार्थीहरू बाट १०-१० जना नमूना ज.स. को छनोट गरी छलफल गरिएको थियो ।

### ४.२.५ कक्षा दोहोऱ्याउने दर

प्राथमिक तहका धिमाल बालबालिकाहरूको कक्षा दोहोऱ्याउने दरको अध्ययन र छलफल गर्दा शैक्षिक सत्र २०६५ मा विभिन्न कक्षा छोडेका विद्यार्थीहरू (१० जना) मध्ये निम्न अनुसारका छात्र छात्राहरूले शैक्षिक सत्र २०६६ मा पुनः विद्यालयमा भर्ना भई कक्षा दोहोऱ्याएको देखिन्छ ।

तालिका नं. ४.११

बालबालिकाहरूको कक्षा दोहोऱ्याउने संख्या - २०६५

| कक्षा | कक्षा दोहोऱ्याउने संख्या | छात्र संख्या | छात्रा संख्या |
|---|---|---|---|
| १ | २ | १ | १ |
| २ | १ | १ | - |
| ३ | १ | - | १ |
| ४ | १ | - | १ |
| ५ | २ | २ | - |
| १-५ जम्मा | ७ | ४ | ३ |
| | | | |

स्रोतः विद्यालयको अभिलेख २०६५।

उक्त विवरण अनुसार शैक्षिक सत्र २०६५ मा पढाई छोडेका १० जना मध्ये ७ जनाले पुनः शैक्षिक सत्र २०६६ मा भर्ना लिएको देखिन्छ, जुन कूल भर्ना भएका संख्याको ७.७ प्रतिशत हुन आउँछ ।

बालबालिकाहरू कक्षा दोहोऱ्याउने कारण बारे शिक्षकहरूसँग छलफल भएको थियो । जम्मा १० जना सँग भएको छलफलमा बालबालिकाहरूले कक्षा दोहोऱ्याउने कारण निम्न देखिएका छन् ।

तालिका नं. ४.१२
कक्षा दोहोऱ्याउने कारणहरू

| क्र.सं. | कारणहरू | शिक्षक प्रतिक्रिया (N = 10 ) | % |
|---|---|---|---|
| १. | घरायसी कामको बोझ | ४ | ४० |
| २. | विरामी परेको कारण | ३ | ३० |
| ३. | खराव साथिको सँगतले | २ | २० |
| ४. | कारण नखुलेको | १ | १० |

स्रोतः स्थलगत अध्ययन २०६५ ।

माथिको विवरणको अध्ययन गर्दा बालबालिकाहरूले घरायसी कामको बोझको कारणले बढी (४०%) कक्षा दोहोऱ्याएको देखिन्छ भने कारण नखुलेको (१०%) कारण देखिन्छ ।

४.२.६ कक्षा कार्य र गृहकार्यको सक्रियताको अवस्था

प्राथमिक तहका धिमाल बालबालिकाहरूको शैक्षिक सहभागिताको अध्ययन गर्ने क्रममा उनीहरूले कक्षा कार्य तथा गृहकार्य गर्ने अवस्था कस्तो छ भनि सम्बन्धित शिक्षक तथा विद्यार्थीहरूसँग छलफल र अन्तर्क्रिया गरिएको थियो, जसको विवरण यसप्रकार रहेको छ ।

तालिका नं. ४.१३
कक्षा कार्य र गृहकार्यमा विद्यार्थी सक्रियताको अवस्था - २०६५

| क्र.सं. | विवरण | विद्यार्थी) प्रतिक्रिया | | शिक्षक प्रतिक्रिया | |
|---|---|---|---|---|---|
| | | संख्या-N = 30) | प्रतिशत | संख्या-N = 10) | प्रतिशत |
| | कक्षा कार्यको अवस्थाः | | | | |
| १. | निरन्तर गर्ने | २० | ६६.६ | ५ | ५० |
| २. | कहिलेकाहिँ गर्ने | ७ | २३.३ | ३ | ३० |
| ३. | निरन्तर नगर्ने | ३ | १० | २ | २० |
| | गृहकार्यको अवस्थाः | | | | |
| १. | निरन्तर गर्ने | २२ | ७३.३ | ६ | ६० |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | कहिलेकाहिँ गर्ने | ७ | २३.३ | २ | २० |
| ३. | निरन्तर नगर्ने | १ | ३.३३ | २ | २० |

स्रोतः विद्यालयको अभिलेख २०६५ ।

धिमाल बालबालिकाहरूको शैक्षिक सहभागिता अन्तरगत कक्षा भित्रका क्रियाकलाप र घरको क्रियाकलाप के कस्तो रहेछ भनि सम्बन्धित शिक्षकहरू तथा नमूना ज.सं. का रूपमा रहेका विद्यार्थीहरूसँग छलफल, अन्तर्क्रिया तथा अन्तर्वार्ता गरिएको थियो । शिक्षकहरूको प्रतिक्रिया अनुसार ५० प्रतिशत विद्यार्थीहरू कक्षा कार्य सक्रिय हुने र ६० प्रतिशत गृह कार्यमा सक्रिय हुने देखिन्छ । त्यस्तै विद्यार्थी प्रतिक्रिया अनुसार ३० जनामा २० जनाले कक्षा कार्य गर्ने गरेको (६६.६६%) र गृहकार्यमा ३० जनामा २२ जनाले (७३.३३%) गर्ने गरेको अवस्था देखिन्छ । कक्षा कार्य र गृह कार्य गर्ने अवस्था तुलना गर्दा वालवालिकाहरु गृहकार्यमा बढि सकिय भएको देखिन्छ ।

४.२.७ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता

अतिरिक्त कृयाकलापमा वालवालिकाहरुको सकृयता शैक्षिक कृयाकलापमा प्रतथ्य प्रभाव पार्ने भएकोले प्राथमिक तहका बालबालिकाहरूको उमेर सुहाउँदो अतिरिक्र क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था बारे सम्बन्धित बालबालिकाहरू र शिक्षकहरूसँग छलफल र अन्तर्वार्ता भएको थियो । प्राप्त जानकारीहरूको विवरण यसप्रकार रहेको छ ।

तालिका नं. ४.१४

अतिरिक्त कृयाकलापमा बालबालिकाहरूको सहभागिता को अवस्था

| क्र.सं. | विवरण | विद्यार्थी) प्रतिक्रिया | | शिक्षक प्रतिक्रिया | |
|---|---|---|---|---|---|
| | | संख्या(N = 30) | प्रतिशत | संख्या -N = 10) | प्रतिशत |
| १. | सक्रिय सहभागिता | १८ | (६०.०) | ५ | (५०) |
| २. | सामान्य सहभागिता | ८ | (२६.६७) | ३ | (३०) |
| ३. | नगण्य सहभागिता | ४ | (१३.३३) | २ | (२०) |

स्रोतः स्थलगत अध्ययन २०६८।

माथिको विवरण हेर्दा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता (विद्यार्थीहरूकै प्रतिक्रियाका आधारमा) सक्रिय सहभागितामा ६० प्रतिशत र नगण्य सहभागितामा १३.३३ प्रतिशत देखिन्छ । त्यस्तै शिक्षक प्रतिक्रिया अनुसार सक्रिय सहभागितामा ५० प्रतिशत र नगण्य सहभागितामा २० प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । उक्त नतिजा हेर्दा ५० प्रतिशत भन्दा बढी विद्यार्थी सक्रिय सहभागि हुने गरेको देखिन्छ ।

### ४.२.८ अनुशासन

अनुशासन नै विद्यार्थीको क्षमता हो भन्ने कुरालाई मनन गरि धिमाल बालबाकिलाहरूको विद्यालय भित्रका विभिन्न क्रियाकलापमा अनुशासनको के कस्तो प्रभाब छ भनी विद्यालयका शिक्षकहरूसँग छलफल भएको थियो । साथै बालबालिकाहरूको अप्रत्यक्ष अवलोकन समेत गरिएको थियो । यि दुवै पक्षलाई समेटेर हेर्दा उनीहरूको अनुशासनको अवस्था यसप्रकार रहेको पाइन्छ । जहाँ १० जना शिक्षकहरूसँग छलफल गरिएको थियो ।

तालिका नं. ४.१४(क)
विद्यार्थीहरूको अनुशासनको अवस्था

| क.सं. | विवरण | शिक्षक प्रतिक्रिया | |
|---|---|---|---|
| | | संख्या(N = 10) | (प्रतिशत) |
| १. | सन्तोषजनक छ | ६ | (६०) |
| २. | सामान्य छ | ३ | (३०) |
| ३. | सन्तोषजनक छैन | १ | (१०) |

स्रोतः स्थलगत अध्ययन २०६८।

उक्त तालिकामा देखिएका प्रतिक्रिया अध्ययन गर्दा सन्तोषजनक अनुशासन भएका बालबालिकाहरु ६० प्रतिशत देखिन्छन् भने अनुशासनको स्तर कमजोर भएका बालबालिकाहरूको संख्या १० प्रतिशत रहेको देखिन्छ । अनुशासनको अवस्थाले शैक्षिक, सामाजिक,आदि पक्षमा प्रत्यक्ष्य प्रभाब पारेको देखियो ।

### ४.३ शैक्षिक उपलब्धि स्थिति

प्राथमिक तहका धिमाल बालबालिकाहरूको शैक्षिक उपलब्धी स्थितिबारे विद्यालयका अभिलेखहरूको विस्तृत अध्ययन गरिएको थियो । साथै आवश्यकता अनुसार शिक्षक, प्रधानाध्यापकहरू सँग छलफल पनि गरिएको थियो । प्राप्त तथ्यांकहरूलाई निम्न शीर्षकहरूमा अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.३.१ परिक्षामा सहभागिता

धिमाल बालबालिकाहरूको परिक्षामा सहभागिताको अवस्था बारे विद्यालयका तथ्यांकहरूको अध्ययन र संकलन गरिएको थियो । विद्यालयहरूले लिने विभिन्न ३ परिक्षाहरूमा निम्न अनुसार सहभागि भएको विवरण प्राप्त भएको थियो ।

तालिका नं. ४.१५
विद्यार्थीहरूको परिक्षामा सहभागिताको अवस्था -२०६५

| क.सं. | परीक्षामा सहभागि विवरण | सहभागि संख्या जम्मा भर्ना भएको | | कैफियत |
|---|---|---|---|---|
| | | संख्या . ९० | प्रतिशत | |
| १. | प्रथम त्रैमासिक परिक्षा | ८० | | १० जनाले छुटमा दिएको |
| २. | अर्धवार्षिक परीक्षा | ८५ | | ५ जनाले छाडेको |
| ३. | अन्तिम परीक्षा | ८० | ८८.८९ | १० जनाले छोडेको (११.११%) |

स्रोतः विद्यालयको अभिलेख, २०६५ ।

विद्यार्थीहरूको परीक्षामा सहभागिताको अवस्था अध्ययन र विश्लेषण गर्दा ९० जना विद्यार्थीहरू मध्ये अन्तिम परीक्षा सम्ममा १० जनाले छोडेका र बाँकी ८० जनाले परिक्षामा सहभागिता जनाएको देखिन्छ । परीक्षामा सहभागि भई सफल दर ८८.८९ प्रतिशत र कक्षा छोड्ने दर ११.११ प्रतिशत देखिन्छ ।

४.३.२ परीक्षा नतिजा र उपलब्धी स्तर

बालबालिकाहरूको शैक्षिक उपलब्धिको स्तर परीक्षा नतिजाका आधारमा अध्ययन गरिएको थियो । विद्यालयका परीक्षा सम्बन्धी रेकर्डबाट प्राप्त सूचनाहरूको विश्लेषण गर्दा प्राथमिक तहका विभिन्न कक्षाहरूमा परिक्षाको उपलब्धि स्तर निम्न अनुसार देखिएको थियो उक्त उपलब्धि स्तर कुल प्राप्तांकका आधारमा गणना गरिएको हो ।

तालिका नं. ४.१६

बालबालिकाहरूको परीक्षा उपलब्धी स्तर-०६५

| कक्षा | उत्कृष्ट (६०% माथि) | राम्रो (४५% माथि) | ठिकै (३२% माथि) | नराम्रो (३२% तल) | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५ | १२ | ५ | १ | २३ |
| २ | ३ | ८ | ३ | २ | १६ |
| ३ | २ | ६ | ४ | १ | १३ |
| ४ | ४ | १२ | ५ | - | २१ |
| ५ | - | ४ | ३ | — | ७ |
| जम्मा | १४ | ४२ | २० | ४ | ८० |

स्रोतः विद्यालयको अभिलेख २०६५।

उक्त तालिकामा सवभन्दा बढी उत्कृष्ट परीक्षा नतिजा कक्षा १ मा (५ जना) देखिन्छ भने कमजोर  नतिजा अन्यको तुलनामा कक्षा २ मा अलि बढी देखिन्छ ।

कुल विद्यार्थीहरूको नतिजा हेर्दा सवभन्दा बढी ८० मा ४२ (अथवा ५२.५ प्रतिशत) को नतिजा ४५ प्रतिशत माथि (राम्रो) देखिन्छ भने ८० मा ४ (अथवा ५ प्रतिशत) विद्यार्थीहरूको नतिजा ३२ प्रतिशत भन्दा तल ( नराम्रो) देखिन्छ । त्यसैले राम्रो अवस्थाका विद्यार्थीहरूको संख्या अधिकतम देखिन्छ ।

४.३.३ शैक्षिक अवस्था कमजोर हुने कारणहरू:

प्राथमिक तहका धिमाल बालबालिकाहरूको शैक्षिक उपलव्धि स्तरमा कमि कमजोरीहरू छन् भन्ने कुरा तालिका नं. ४.२.२ को तथ्यांकले देखाउँछ । शैक्षिक उपलव्धी स्तर कमजोर हुने कारणहरू बारे शिक्षकहरू अभिभावकहरू तथा विद्यार्थीहरूसँग छलफल गरिएको थियो । उक्त विवरण यस प्रकार छ ।

तालिका नं. ४.१७

शैक्षिक उपलव्धि कमजोर हुने कारणहरु

| क्र. सं. | विवरण (कारणहरू) | शिक्षक प्रतिक्रिया | | अभिभावक प्रतिक्रिया | | विद्यार्थी प्रतिक्रिया | |
|---|---|---|---|---|---|---|---|
| | | (N=10) | % | (N=30) | % | (N=30) | % |
| १. | भाषिक समस्या | १ | (१०) | २ | (६.६) | २ | (६.६) |
| २. | अभिभावकको वेवास्ता | २ | (२०) | २ | (६.६) | ७ | (२३.३३) |
| ३. | गृहकार्यको अनियमितता | २ | (२०) | १५ | (५०) | ९ | (३०.००) |
| ४. | घरायसी वातावरणको अभाव | ५ | (५०) | १० | (३३.३३) | १२ | (४०.००) |
| ५. | शैक्षिक सामग्रीको अभाव | ४ | (४०) | २ | (६.६) | ३ | (१०.००) |
| ६. | कमजोर विद्यार्थीहरूलाई शिक्षकले वेवास्ता गर्नु | २ | (२०) | ७ | (२३.३३) | १५ | (५०.००) |
| ७. | पृष्ठपोषणको अभाव | ३ | (३०) | ५ | (१६.६६) | १० | (३३.३३) |
| ८. | नियमित उपस्थित नहुनु (विद्यार्थी) | ६ | (६०) | १० | (३३.३३) | १२ | (४०.००) |

| | | | | |
|---|---|---|---|---|
| ९. | आर्थिक कारण (गरिबी) | ४ (४०) | १५ (५०) | १० (३३.३३) |

स्रोतः छलफल र स्थलगत अध्ययन

नोटः उक्त विवरणमा १ व्यक्तिका १ भन्दा बढी प्रतिक्रिया समावेश छन् ।

माथिको तालिका विवरण अनुसार शिक्षक प्रतिक्रियामा बालबालिकाहरूको शैक्षिक उपलब्धिमा बालबालिकाहरूको अनियमित उपस्थिति, घरायसी कामको वोफ तथा अभिभावकहरूको आर्थिक अवस्थाले बढी प्रभाव पारेको देखिन्छ । भने अभिभावक प्रतिक्रियामा गृहकार्यको अनियमितता, विद्यार्थी अनियमित विद्यालय जानु तथा गरिबीको कारणले शैक्षिक स्थिति कमजोर भएको देखिन्छ । त्यस्तै गरी विद्यार्थी प्रतिक्रियामा शिक्षकहरूले कमजोर बालबालिकाहरूलाई शिक्षकले वेवास्ता गर्नु, विद्यालय नियमित नजानु र घरायसी वातावरण राम्रो नहुनुले आफूहरूको पढाई कमजोर भएको भन्ने प्रतिक्रिया दिएका छन् ।

## अध्याय - पाँच

## प्राप्ती, निष्कर्ष र सुझावहरू

### ५.१ प्राप्तीहरू

प्राप्त तथ्यांकहरूको व्याख्या विश्लेषण गर्दा निम्न अनुसारको प्राप्ती देखियो ।

(१) धिमाल बालबालिकाहरूको शैक्षिक सहभागितालाई विद्यार्थी भर्ना दरमा हेर्दा जम्मा भर्ना भएका संख्या (९० जना) को ५२.२२ प्रतिशत छात्रहरू तथा ४७.७८ प्रतिशत छात्राहरू भर्ना भएको पाइयो ।

(२) बालबालिकाहरूको उपस्थिति अध्ययन गर्दा न्यूनतम १८० दिन विद्यालय खुल्नेमा कक्षा १ मा सवभन्दा कम उपस्थिति करिव १६७ दिन र कक्षा ५ मा सवभन्दा बढी १७५ दिन (औसतमा) विद्यार्थीहरू उपस्थित भएको पाइयो ।

(३) बालबालिकाहरूको कक्षा छाड्ने दरको अध्ययन र विवेचना गर्दा शैक्षिक सत्र २०६५ मा जम्मा १० जनाले विद्यालय छोडेकामा ५० प्रतिशत छात्रा र ५० प्रतिशत छात्र रहेको पाइयो । कक्षा छोड्ने विद्यार्थी जम्मा भर्ना भएको संख्या (९० जना) को ११.११ प्रतिशत हुने देखिन्छ ।

(४) शैक्षित्र सत्र ०६५ को बालबालिकाहरूको उत्तीर्ण दरलाई अध्ययन गर्दा जम्मा ८० जना उत्तीर्ण भएकोमा करिव ५१ प्रतिशत (४१ जना) छात्र र करिव ४९ प्रतिशत (३९ जना) छात्रा रहेको देखिन्छ ।

(५) शैक्षिक सत्र ०६५ को बालबालिकाहरूको कक्षा दोहोऱ्याउने दरको अवलोकन र विश्लेषण गर्दा जम्मा भर्ना भएका संख्या (९० जनाको ७ जना) ७.७ प्रतिशत हुने देखिन्छ । जसमा घरायसी कामको बोझले अधिकतम विद्यार्थीहरूले कक्षा दोहोऱ्याएको देखिन्छ । त्यस्ता विद्यार्थीहरू करिव ४० प्रतिशत छन् ।

(६) कक्षा कार्य तथा गृहकार्य बारे प्राप्त तथ्यांकको विश्लेषण गर्दा ५० देखि ६५ प्रतिशत सम्म विद्यार्थीहरूले कक्षा कार्य गर्ने गरेको तथा ६०-७० प्रतिशत सम्मका बालबालिकाहरूले गृहकार्य गर्ने गरेको शिक्षक तथा विद्यार्थी प्रतिक्रिया प्राप्त भएको छ । जसमा निरन्तर गर्नेहरूको संख्या औसत ६० प्रतिशत देखिन्छ ।

(७) अतिरिक्त क्रियाकलापहरूमा धिमाल बालबालिकाहरूको सहभागिताका बारेमा विद्यार्थी तथा शिक्षक, दुवैको प्रतिक्रियालाई अध्ययन र विश्लेषण गर्दा सक्रिय सहभागिता हुनेहरूको संख्या ५०

प्रतिशत र सो भन्दा माथि र नगण्य सहभागि हुनेहरूको संख्या २० प्रतिशत र सो भन्दा तल रहेको पाइयो । सो छलफलमा विद्यार्थी संख्या ३० र शिक्षक संख्या १० गरि ४० जना सहभागि थिए ।

(८) बालबालिकाहरूको अनुशासनको अवस्था बारे अध्ययन र छलफल गर्दा अनुशासनको अवस्था ६० प्रतिशतको सन्तोषजनक भएको पाइयो भने १० प्रतिशतको अनुशासन निकै कमजोर पाइयो । यस छलफलमा जम्मा १० जना शिक्षकलाई समावेश गराइएको थियो ।

(९) बालबालिकाहरूको शैक्षिक उपलब्धि स्थिति अन्तर्गत परिक्षामा सहभागिताको अवस्था अध्ययन गर्दा कुल ९० जना भर्ना भएकोमा अन्तिम परिक्षा उत्तीर्ण गर्ने संख्या ८० जना (८८.८९ प्रतिशत) रहेको देखिन्छ । साथै कुल भर्नाको ११.११ प्रतिशत विद्यार्थीहरूले विचैमा कक्षा छोडेको देखिन्छ ।

(१०) बालबालिकाहरूको परीक्षा नतिजा र उपलब्धि स्तरको अध्ययन र विश्लेषण गर्दा कुल ८० जना पास भएकोमा १४ जना उत्कृष्ट (६० प्रतिशत भन्दा माथि) र ४ जना नराम्रो नतिजा (३२ प्रतिशत भन्दा तल) रहेको देखिन्छ भने ४२ जना विद्यार्थीहरू ४५ प्रतिशत र सोभन्दा माथि अंक ल्याउन सफल भएको देखिन्छ । कक्षा ५ मा भने मध्यम स्तरका विद्यार्थीहरू मात्र देखिन्छ ।

(११) बालबालिकारूको शैक्षिक अवस्था कमजोर हुने कारणहरू बारे शिक्षक, अभिभावक तथा विद्यार्थीहरू समेत सँग छलफल गर्दा शिक्षकहरूले गृहकार्य अनियमित दिएको, घरायसी वातावरण उपयुक्ति नभएको,कमजोर विद्यार्थीहरूलाई शिक्षकले वेवास्ता गरेको, विद्यार्थीहरूको अनियमितता, कमजोर आर्थिक अवस्था आदि कारणहरू मुख्य रहेको देखिन्छ ।

(१२) बालबालिकारूले घरमा अध्ययन गर्दा के कति समय अध्ययन गर्छन् भनि सोधिएको प्रश्नमा दैनिक ३ देखि ५ घण्टा पढ्नेको संख्या २५%( ६० मा १५) र १ देखि ३ घण्टा पढ्नेको संख्या ७५% (६० मा ४५) रहेको देखिन्छ ।

(१३) धिमाल परिवारको पेशा के कस्तो अवस्थामा रहेछ भनी घरधूरी सर्वेक्षणका क्रममा छलफल गर्दा ४५ घरधूरी मध्ये आधाभन्दा बढी परम्परागत किसान, ज्यालादारी आदि पेशामा संलग्न भएको पाइयो, नोकरी, वैदेशिक रोजगारी गर्नेहरूको संख्या न्यून पाइयो ।

(१४) धिमाल अभिभावकहरूको शैक्षिक अवस्थाका बारेमा छलफल गर्दा SLC उत्तीर्ण गर्नेहरूको संख्या उल्लेख्य पाइयो उच्च शिक्षा प्राप्त गर्नेहरूको संख्या नभएको र ४५ घरधुरी मध्ये ६.६७ प्रतिशत (३जना) अभिभावकहरूले आफू निरक्षर भएको प्रतिक्रिया दिएका थिए ।

(१५) बालबालिकारूले विचैमा पढाई छोड्ने कारण बारे अभिभावकहरूसँग छलफल गर्दा चेतनाको कमि, घरको काम गर्नु पर्ने भएकोले, शिक्षकहरूको हेलचेक्र्याइँ, खराव साथीको सँगतले, परिक्षामा फेल भएर, तथा कमजोर आर्थिक अवस्था आदि कारणहरू प्राप्त भएका छन् ।

### ५.२ निष्कर्ष

मोरङ्ग उर्लाबारी गा.वि.स.मा बस्ने आदिवासी जनजाति अन्तर्गतका धिमाल बालबालिकाहरुको शैक्षिक अवस्था अध्ययन गर्न सुरु गरिएको यस अनुसन्धानको मुख्य उद्देश्य बालबालिकाहरुको शैक्षिक सहभागिता र उपलब्धिको लेखाजोखा गर्नु, विद्यालय छाड्ने बालबालिकाहरुलाई प्रभाव पार्ने तत्वहरु के के हुन् पहिचान गर्नु र बालबालिकाहरुको शैक्षिक सुधार गर्नु विद्यालय र अभिभावकहरुले के कस्ता प्रयास गरेका छन् र के के गर्न बाँकी छ सल्लाह सुझाव दिनु रहेको छ ।यस विश्लेषणात्मक अध्ययनले धिमाल बालबालिकाहरुको शैक्षिक अवस्थालाई सुधार गर्न केही हदसम्म सहयोग पुऱ्याउने अपैक्षा राखिएको छ । धिमाल बालबालिकाहरु विद्यालय उमेर पुगेका सवै कुनै न कुनै विद्यालयमा भर्ना भएकै छन्, तर पछि विभिन्न कारणहरुले उनीहरु विद्यालय, शिक्षाबाट अलग्गिएका देखिन्छन् । २०६५ शैक्षिक सत्रमा ९० जना भर्ना भएकामा ८० जना कक्षा चढेको देखिन्छ र बाँकी १० जना मध्ये ७ जनाले त्यही कक्षामा दोहोऱ्याएको र बाँकी ३ जना चाहिँ यस अनुसन्धानमा छनोट गरिएका नमूना विद्यालयहरुमा भर्ना नभएको पाइयो ।

बालबालिकाहरुको शैक्षिक उपलब्धि न्युन हुनु तथा कक्षा दोहोऱ्याउनुमा अभिभावकहरुको वेवास्ता र चेतनाको कमि, शिक्षकहरुले पृष्पठपोषण प्रदान नगरी शिक्षण गरेको तथा कमजोर विद्यार्थीहरुलाई वेवास्ता गरेको, बालबालिकाहरु अनियमित तरिकाले विद्यालय जाने तथा पढाइमा ध्यान नदिने गरेको, अभिभावकहरुको आर्थिक अवस्था कमजोर भएका जस्ता विभिन्न कारणहरु जिम्मेवार रहेको कुरा यस अनुसन्धानका क्रममा थाहा भएको छ ।

त्यसैले वालवालिकाहरुको शैक्षिक स्तरमा सुधार गर्न अभिभावकहरु चेतनशिल र संवेदनशिल हुनु पर्ने, शिक्षकहरुले आफ्नो जिम्मेवारी पुरा गर्न कुनै कसर बाँकी राख्न नहुने, विद्यालयहरुले अफ्ना विद्यार्थीहरुलाई नियमित गराउने कार्यक्रम ल्याउनु पर्ने, तथा विपन्न वर्गको आर्थिक स्तर सुधार गर्न समाजले/राष्ट्रले सहयोग गर्नु पनि आवश्यकता देखिन्छ ।

## ५.३ सुझावहरु

धिमाल बालबालिकाहरुको शैक्षिक अवस्थाको अध्ययन गर्ने क्रममा विभिन्न तथ्यांकहरु संकलन गरि व्याख्या विश्लेषण गरेपछि देखिएका कमि कमजोरीहरुलाई सुधार गर्ने उद्देश्यले निम्न सुझावहरु पेश गरिएको छ ।

(१) बालबालिकाहरुको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर घटाउन पुरस्कार तथा छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने, शिक्षकहरुले विद्यार्थी समस्या बुझेर शिक्षण गर्नु पर्ने, अभिभावकहरु सचेत हुनु पर्ने देखिन्छ ।

(२) बालबालिकाहरुको दैनिक उपस्थिति बढाउन नियमित आउनेलाई पुरस्कार, हौसलाको व्यवस्था गरि अनियमित आउनेलाई पनि नियमित आउन आकर्षित गर्न सकिन्छ ।

(३) बालबालिकाहरुको उत्तीर्ण दरलाई वृद्धि गर्ने कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ जसले असफल भएका विद्यार्थीहरुले विचैमा कक्षा छाड्ने संख्यामा वृद्धि हुँदैन ।

(४) धिमाल बालबालिकाहरु र शिक्षकहरु बीचको सम्बन्ध सुमधुर बनाउनु पर्ने, उपयुक्त विधि र सामग्री प्रयोग गरि छलफल र विद्यार्थी केन्द्रित विधिबाट शिक्षण गर्नु पर्ने जसले गर्दा बालबालिकाहरुको शैक्षिक स्तर अझ राम्रो हुनेछ ।

(५) बालबालिकाहरुलाई नियमित गृहकार्य दिने तथा शिक्षकले निरीक्षण गर्ने व्यवस्था गर्नु पर्ने ।

(६) अभिभावकहरुमा चेतनामूलक कार्यक्रम संचालन गरि सचेत बनाउनु पर्ने । जसले गर्दा उनीहरुले आफ्ना बालबालिकाहरुलाई शिक्षा दिन उत्साहित हुन्छन् ।

(७) धिमालहरुलाई परम्परागत पेशाका साथै अन्य आय आर्जन हुने खालका पेशामा लाग्न समाजले सहयोग गर्नु पर्ने देखिन्छ । धिमाल जातिहरुलाई समाजको मुल धारमा समाहित गर्नु पर्ने देखिन्छ ।

(८) धेरै जनसंख्या भएका परिवारले आफ्ना बालबालिकाहरुलाई शिक्षा दिक्षा दिन आर्थिक अभावका कारणले असफल भएकोले जनसंख्या नियन्त्रण गर्ने उपायका बारेमा सचेत बनाउने कार्यक्रम ल्याउनु पर्ने ।

(९) अभिभावकहरु आजको २१ औं शताब्दिमा पनि निरक्षर भएको पाइएकोले साक्षर बनाउने कार्यक्रम संबन्धित पक्षले सन्चालन गर्नु पर्ने ।

(१०) धिमाल बालबालिकाहरुको आफ्नो घरमा दैनिक अध्ययन गर्ने समय कम देखिएकोले गृहकार्य निरन्तर दिनु पर्ने तथा अभिभावकहरुलाई त्यस सम्बन्धी जानकारी गराई सचेत गराउनु पर्ने ।

(११)	शैक्षिक अवस्थामा भएको कमिकमजोरी हटाउन विद्यालय प्रशासन, शिक्षक, अभिभावकहरु सवै पक्ष मिलेर सहकार्य गर्नु पर्ने देखिन्छ ।

(१२)	परिक्षा नतिजा र उपलब्धि स्तर हेर्दा केही बालबालिकाहरुको अवस्था नराम्रो देखिएकोले सुधार गर्न परिक्षा र मूल्यांकन प्रणालीका कमि कमजोरीहरु हटाउनु पर्ने ।

(१३)	राज्यले धिमाल जाति जस्ता आदिवासी ,जनजातिहरुको आर्थिक, शैक्षिक, सामाजिक आदि पक्षहरुको सुधारमा  जनजाति प्रतिष्ठान गठन गरि भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

## सन्दर्भग्रन्थ सूचि [Reference]


नेपालको आन्तरीम संविधान (०६३), बबरमहल, काठमाण्डौ; कानुन किताव व्यवस्था समिति

तीन वर्षिय आन्तरिम योजना (०६४-६७), सिंहदरवार, काठमाण्डौ; राष्ट्रिय योजना आयोग

शिक्षा आयोगका प्रतिवेदनहरु (०६७), काठमाण्डौ; मकालु बुक्स प्रकाशन गृह

खनाल, पेशल (०६३), शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौ; सनलाइट पब्लीकेशन

Bista, Dor Bahadur (056), People of Nepal, Kathmandu; Ratna Pustak Bhandar

Gautam, Dr. Rajesh & Thapa Magar, Ashok (059), Tribal Ethnography of Nepal (Vol-1), Delhi, India; Book Faith

Ukyab, Tamla & Adhikari, Shyam (056), National Committee for Development of Nationalist. Kathmandu, Nepal; HMG

गुरुङ्ग, हर्क (२००४), जनजातिको सेरोफेरो, काठमाण्डौ; पराशर प्रकाशन

धिमाल जातिका राष्ट्रिय सम्मेलनका प्रतिवेदनहरु (०६३), काठमाण्डौ, धिमाल समाज

Kaul, Lokesh (1997), Methodology of Education Research, New Delhi, India; Dream publication

पाण्डे, मधुसुधन (०५८), नेपालका जनजातिहरु, पुतलिसडक, काठमाण्डौ; पैरवि प्रकाशन,

Regmi, Sivaraj (1991), The Dhimal, Kathmandu; Dream production

विष्ट, डोर बहादुर (०५७), सवैजातको फूलवारी, काठमाण्डौ; उन्नती प्रकाशन

दाहाल, डिल्लीराम (२०३९), घिमाल लोकजिवन अध्ययन, बिराटनगर; कला प्रकाशन गृह

शर्मा, शरद चन्द्र (२०६७), नेपाल र यसका निवासीहरु, काठमाण्डौ; राष्ट्रवाणी प्रकाशन

उपाद्याय, किरण दत्त (२०६४), नेपलिज कल्चर भाग ४, काठमाण्डौ; नेपाल कल्चर एकेडेमी

शाह, किशोर कुमार (२०६३), सप्तरी जिल्लाका झागड जातिका प्राथमिक तहका बालबालिकाहरुको शैक्षिक अबस्था, शोध अध्ययन, किर्तीपुर; त्रि.वि.वि.

दाहाल, यज्ञरथ (२०६२), प्राथमिक बिद्यालयमा दलित बालबालिकाहरुको शिक्षामा सहभागिता, शोध पत्र, किर्तीपुर; त्रि.वि.वि.

भट्टचन, डा० कृष्ण बहादुर (२००५), आढिबासी जनजातीका सवालमा कानुनी सचेतना, नेतृत्व बिकास र जनवकालत, काठमाण्डौ; जनजाति महासंध

धिमिरे, तुड० (२०५५), महेन्द्रनगर गा.वि.स.का झागड जातिको एक अध्ययन, शोध पत्र, किर्तीपुर; त्रि.वि.वि

दुलाल, रिता (२०५८), दुलारि गा.बि. स.का सामाजिक आर्थिक पक्षको अध्ययन, शोध पत्र, किर्तीपुर; त्रि.वि.वि

ढकाल, घनश्याम (२०६१), प्राथमिक तहका दलित बालबालिकाहरुको शैक्षिक अवस्थाको अध्ययन, शोध पत्र, किर्तीपुर; त्रि.वि.वि.

CBS (2001) Population Census, KTM. Nepal; CBS

अनुसूचि ३

विद्यालय सर्वेक्षण फाराम (ख)

विधार्थीहरुको उपस्थिति फाराम

बिधालयको नाम..................................................

| महिना | बिधालय मा पढाइ हुने दिन | कक्षा | | | | | |
|---|---|---|---|---|---|---|---|
| **बैसाख** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्म** | | | | | |
| **जेष्ठ** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **असार** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **साउन** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **भाद्र** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **असोज** | | केटा | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **कातिक** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **मंसिर** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **पौष** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **माध** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **फाल्गुण** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| **चैत्र** | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |

## अनुसूचि ४

**प्र.अ. का लागि प्रश्नावलीको नमूना**

तपाईको नामः...............................................................

विद्यालयः....................................................................

१)　तपाईको विद्यालयमा धिमाल जातिका वालवालिकाहरु प्राथमिक तहमा कति छन् ?

....................................................................................................................

२)　धिमाल वालवालिकाहरुको शैक्षिक अवस्था कस्तो छ र नराम्रो भए के कारणले होला ?

........................................................................................................................

३)　धिमाल वालवालिकाहरुको शैक्षिक सुधार गर्न के कस्तो कार्यक्रम संचालन गर्नु भएकोछ?

..............................................................................................

४)　धिमाल वालवालिकालाई विद्यालय वा सरकार द्वारा के कस्ता शैक्षिक सुविधा प्रदान गर्नेगरीएकोछ?...............................................................................................................

.....................................................................................

५)　धिमाल वालवालिकाहरुको शैक्षिक अवस्था कुन कुन विषयमा कमजोर र कुन कुन विषयमाअसलछ?.........................................................................................................

...............................................................................................

६)　पढाइ बाहेक अन्य अतिरिक्त कृयाकलापमा धिमाल बालवालिकाहरुको सहभागिता कस्तो छ ?............................................................................................

..................................................................................................................

७)　धिमाल वालवालिकाको भर्नादर, बीचमा छोड्ने दर, उत्तिर्ण दर र अनुत्तिर्ण दर कस्तो छ ।

.........................................................................................

८)　तपाईको विचारमा धिमाल वालवालिकाहरुको शैक्षिक सुधार गर्न के गर्नुपर्ला ?.......

## अनुसूचि ५

**शिक्षकका लागी प्रश्नावलीको नमूना**

१) धिमाल जातीका बाल बालीकाहरुको शैक्षिक अवस्था कस्तो छ ?

.....................................................................................................

२) विषयगतरुपमा कुन विषयमा कमजोर छन् र किन होला ?..............................

.....................................................................................................

३) कक्षा कार्य, गृहकार्यमा कतिको सकृयता छ ?...........................................

.....................................................................................................

४) विद्यार्थीहरुका शैक्षिक सस्या के कस्ता छन् ?............................................

.....................................................................................................

५) धिमाल छात्रा र छात्र मध्ये कुन पक्षको शैक्षिक स्तर राम्रो छ ?.......................

.....................................................................................................

६) छात्र/छात्रा कुन वढि अनुपस्थित हुन्छन् ?..................................................

.....................................................................................................

७) कस्ता परिवारले विद्यार्थीलाई नियमित स्कूल पढाउँछन् ?.................................

.....................................................................................................

८) तपाईको अनुभवमा धिमाल वालवालिकाहरुको शैक्षिक सुधार गर्न के गर्नुपर्छ ?.......

.....................................................................................................

९) छात्र/छात्रा कुनले विचैमा कक्षा छोड्छन् र किन होला ?

.....................................................................................................

.....................................................................................

## अनुसुचि ६

**श्रोत व्यक्तिका लागि प्रश्नावलीको नमूना**

१) तपाईको स्रोतकेन्द्रका विद्यालय मध्ये उर्लावारी गा.वि.स.का प्रा. तहका धिमाल वालवालिकाको शैक्षिक स्थिति कस्तो छ ?..................................................

...................................................................................................................

२) धिमालका लागि जि.शि.का. र स्रोतकेन्दको तर्फवाट कस्ता शैक्षिक सुधारगर्ने प्रयास भएका छन् ? ति के के हुन् ?.....................................................................

........................................................................................................................

३) तपाईको विचारमा धिमालको शैक्षिक सुधार गर्न के कार्यक्रम ल्याउनु पर्ला ?........

...................................................................................................................

४) विद्यालय नगई घरैमा बस्ने धिमाल बालबालिकाका लागि स्रोतकेन्द्रको तर्फवाट के कार्यक्रम ल्याउनु भएको छ ?..................................................................

...................................................................................................................

५)धिमाल जस्ता पिछडीएका जात जातिहरुका लागि  के कस्ता शैक्षिक तथा अतिरिक्त कृयाकलाप गर्ने गरिएको छ?..........................................

....................................................................................................

## अनुसूचि ७

### अभिभावकका लागि प्रश्नावलीको नमूना

१)     तपाईको नाम के हो ?.........................................................................

२)     तपाईको शैक्षिक योग्यता कति हो ?..........................................................

३)     तपाईको बच्चाको शैक्षिक स्थिति तपाईलाई कस्तो लाग्छ ?..............................

४)     विद्यालय कतिको नियमित जान्छ ?...........................................................

६)     घरको काम कतिको गर्छ/गर्छिन् ?............................................................

७)     विद्यालय नपठाउनुको कारण के हो ? (विद्यालय नजानेका लागि मात्र)................

...........................................................................................................

८)     मानिसलाई शिक्षा आवश्यक पर्छ कि पर्दैन ? ...............................................

९)     तपाईले नपढ्नुको कारण के होला ? (नपढेकालाई).........................................

१०)     तपाईको घरमा पढ्ने वालवालिकाको संख्या कति छ ? नपढ्नेको कति छ ?..........

...........................................................................................................

११)     छोरा/छोरीलाई कस्तो व्यवहार गर्नुहुन्छ ? छोरा कहाँ र छोरी कहाँ पढ्छन् ?.........

...........................................................................................................

१२)     आम्दानीको स्रोत के हो ?.......................................................................

## अनुसूचि ८

**विद्यार्थीहरुको लागि प्रश्नावलीको नमूना**

१) तिम्रो नाम के हो ? कति कक्षामा पढ्छौ ? उमेर कति ?.................................

..........................................................................................................

२) विद्यालय नियमित जान्छौ कि अनियमित ?.................................................

३) अनियमित जाने भए किन होला ?.........................................................

४) पढ्ने, कापी किताव किन्ने पैसा कसले दिन्छ ?.............................................

५) विद्यालय पढ्न किन नगएको ? (विद्यालय नजानेका लागि मात्र).........................

......................................................................................................

६) कहिलेवाट जान छोडेको ? ( विद्यालय नजानेका लागि मात्र)

......................................................................................

७) कति कक्षा सम्म पढेर छोडेको ? ( विद्यालय नजानेका लागि मात्र )....................

८) घरको काम कतिको गर्नुपर्छ ?..................................................................

९) छोरा र छोरीमा भेदभाव छ/छैन ?...........................................................

१०) बुवा-आमा के काम गर्नुहुन्छ ?.................................................................

११) जग्गा कति छ ?........................................................................................

१२)नबुझेकोकुराकसलाईसोध्छौ.............................................................................

......................................................................................

१३) पढाई वाहेक के गर्न मनपर्छ ?..............................................................

......................................................................................................

१४) तिम्रा साथीभाई पढ्ने वढि छन् कि नपढ्ने ?................................................

१५) तिमीलाई प्र.अ. शिक्षकहरु र साथिहरुले कस्तो व्यवहार गर्नुहुन्छ ?....................

..........................................................................................................

१६) पठनपाठनमा के-के समस्या आएका छन् ?..................................................

.........................................................................................................................

१७)	कुन बिषय पढ्न अप्ठ्यारो र कुन सजिलो लाग्छ र किन होला ?........................

.........................................................................................................................

१८)	तिम्रो घरमा पढ्ने दाजू, दिदी, भाई बहिनी कति जना छौ ?..............................

.........................................................................................................................

१९)	नपढ्ने साथिहरुलाई तिमी के भन्दछौ ?.......................................................

.........................................................................................................................

२०)	बुबा-आमाले पिट्नु, गाली गर्नु हुन्छ कि हुन्न ?.............................................

.........................................................................................................................

## अनुसूचि ९

**विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र P.T.A. संयोजकका लागि प्रश्नावलीको नमूना**

१) तपाईको नामः..........................................................................................

२) शैक्षिक योग्यता .......................... ......................................................

३) विद्यालय स्तरीय शिक्षा कस्तो हुनुपर्छ ?.....................................................

....................................................................................................................

४) जनजाति, पिछडिएका वर्गको शैक्षिक स्थिति कस्तो छ ?..................................

....................................................................................................................

५) जनजातिहरुका लागि विद्यालयमा के कस्तो शैक्षिक व्यवस्था छ ?.......................

....................................................................................................................

६) धिमालहरु शैक्षिक क्षेत्रमा पछि पर्नुको कारण के होला ?.................................

.................................................................................................................

७) विद्यालय सुधार योजना (SIP) मा धिमाल वालवालिकाहरुको शैक्षिक सुधार गर्न क-कस्तो कार्यक्रम ल्याउनु भएको छ ......................................................

....................................................................................................................